# परिच्छेद : एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

हाम्रो देशमा सर्वसाधारणको शिक्षामा पहुँचको क्रमागत पाँच दशक देखि शुरु भएता पनि विगतका दशकहरूमा यसको गति निकै तीब्र हुदै गइरहेको छ । यसरी बढ्दो शैक्षिक पहुँचको साथै गुणस्तरीय शिक्षा प्रदानका लागि आवश्यक योजनाहरूको निर्णय, कार्यान्वयन तथा अनुगमन गर्न सक्षम सूचना प्रणालीको विकाश अनिवार्य छ । यिनै वास्तविकतालाई मनन गरी तत्कालीन श्री ५ को सरकार  शिक्षा मन्त्रालयले १९६२ देखि नै योजना, तथ्यांक तथा अनुसंधान महाशाखाको व्यवस्था गरेको थियो । उक्त महाशाखालाई विशेष गरी शैक्षिक तथ्यांकको व्यवस्थापनका साथै अन्य शैक्षिक योजना मूल्याङ्न तथा  अनुसन्धानका लागि जिम्मेवार बनाइएको थियो । यसरी विगत ४ दशक देखिनै शिक्षा मन्त्रालायले  शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित गर्ने प्रयास गरेको थियो । विद्यालय स्तरीय शैक्षिक व्यवस्थापन सूचना प्रणालीको लागि विशेष गरी विद्यालय अनि श्रोत केन्द्र तथा जि.शि.का., क्षे.शि.नि. तथा शिक्षा विभाग जिम्मेवार रहेको छन । शिक्षा विभागल शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई विकेन्द्रित योजना तजुर्मा, कार्यान्वयन तथा अनुगमनको सिद्धान्त अनुरुपश्रोतकेन्द्र तथा जि.शि.का.लाई बढी परिचालन गर्ने प्रयास गरेको छ । शिक्षा विभागको समन्वयमा तयार पारिएको विद्यालय तथ्यांक विवरण फारम विद्यालयद्वारा भर्न लगाई सो फारम श्रोतकेन्द्र हुँदै जिल्ला शिक्षा कार्यालय मार्फत पढाइएको फारम क्षेत्रीय शिक्षा निर्देशनायले विश्वसनीयता परीक्षण गरी विभागमा पढाउने गरेको छ (थापा र अन्य, २०६६)।

कुनै पनि संस्थाको सफलता, असफलता सूचना प्रणालीलाई व्यवस्थापनले कति व्यवस्थित ढंगबाट संकलन गरी त्यसलाई अद्यावधिक गरेको छ, त्यसमा निर्भर रहन्छ । सहि र वास्तविक विश्वसनीय सूचना उपयुक्त समयमा प्रयोग भएको खण्डमा निर्णय प्रक्रियामा प्रत्यक्ष रुपमा प्रभाव पार्दछ । यसको अलावा गलत सूचना वा पूरानो सूचनाको अधारमा निर्णय गरिएको खण्डमा व्यवस्थापनमा त्यसले नाकारात्मक असर पार्दछ । त्यसमा पनिशिक्षा क्षेत्रमा व्यवस्थापन सूचना प्रणालीको अत्यन्तैआवश्यक र महत्वपूर्ण भूमिका रहन्छ ।

शैक्षिक व्यवस्थापनको लागि चाहिने तथ्यांक संकलन गर्ने उपलब्ध गराउने व्यवस्था वा प्रणालीलाई नै शैक्षिक व्यवस्थापन सूचना प्रणाली  भनिन्छ (प्रधान,१९९८) ।

शिक्षासंग सम्बन्धित सवै क्षेत्रमा अथाह सूचना तथा तथ्यांकको प्रवाहलाई उपयोग गर्नेहरूका लागि उपयुक्त स्तरमा प्रस्तुत गर्ने विधि वा सूचना विधिलाई शैक्षिक व्यवस्थापन सूचना प्रणाली भनिन्छ (वाग्ले) ।

समग्रमा भन्नु पर्दा शिक्षासंग सम्बन्धित सबै किसिमका सूचनालाई व्यवस्थित किसिमले विभिन्न सूचकको माध्यमबाट प्रदर्शित गरी ठीकसंग व्यवस्थापन गर्ने तरीका, विधिलाई शैक्षिक व्यवस्थापन सूचना प्रणाली भनिन्छ ।व्यवस्थापनलाई निर्णय गर्न आवश्यक पर्ने भरपर्दो वास्तविक तथा तथ्य सूचनाहरू समयमा उपलब्ध गराउनु यसको प्रमुख उद्देश्य हो । शिक्षा क्षेत्रमा संचालन हुने विभिन्न शैक्षिक व्यवस्थापन कार्यको जटिलतालाई कमगर्न पनि शैक्षिक व्यवस्थापन सूचना प्रणाली आवश्यक हुन्छ । शिक्षा क्षेत्रमा आएका नयाँ-नयाँ परिर्वतन, माग, चुनौती,समस्या एंव अवरोध आदि सामना गर्न पनि शैक्षिक व्यवस्थापन सूचना प्रणाली आवश्यक भएको छ । विभिन्न शैक्षिक योजना निर्माण गर्ने, मूल्यांकन गर्ने, अनुगमन गर्ने आदि कार्यमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीको ज्यादै महत्वपूर्ण भूमिका हुन्छ । आजको बदलिंदो युगमा शिक्षाको लक्ष्य र उद्देश्य ज्यादै फराकिलो बन्दै गएको अवस्थामा शैक्षिक व्यवस्थापन सूचना प्रणाली नै एक त्यस्तो विकल्प हो जस सम्बन्धी आवश्यक सूचना प्रदान गर्दछ ।

शैक्षिक व्यवस्थापन सूचना प्रणाली भन्नाले शिक्षा सम्बन्धी निर्णयकर्ता, योजनाकार, प्रयोगकर्ता तथा अन्य सम्वद्ध पक्षहरुका लागि औपचारिक रुपमा सही र भरपर्दो शैक्षिक सूचना उपलब्ध गराउने पद्धति हो । यस पद्धतिमा मानवीय पक्ष तथा कम्प्यूटर दुवैको प्रयोग गरी तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र प्रसारण जस्ता पक्षहरु समाविष्ट हुन्छन् ( थापा, २०६८) । शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रयोगबाट विद्यालयका सम्पूर्ण पक्षहरुको जानकारीहरु प्राप्त हुनका साथै शैक्षिक व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउन सकिन्छ ।

थापा (२०६८) अनुसार शैक्षिक तथ्याङ्क चाहिने संस्थाका व्यक्तिलाई सही र उपयोग गर्न सकिने खालको सूचना दिनुपर्छ । शैक्षिक व्यवस्थापनका लागि चाहिने तथ्याङ्क संकलन गर्ने र उपलब्ध गराउने व्यवस्था वा प्रणालीलाई शैक्षिक व्यवस्थापन सूचना प्रणाली भनिन्छ ।

गुणस्तरीय शिक्षा र कुशल शैक्षिक व्यवस्थापनको लागि राम्रो शैक्षिक योजना अनिवार्य छ र असल शैक्षिक योजनाको लागि शैक्षिक तथ्यांकहरू नै  आरम्भ विन्दु हो र बिन्दुहरूको कौशलपूर्ण भूमिका निर्वाह गर्ने शैक्षिक व्यवस्थापन सूचना प्रणाली को अभावमा शिक्षामा लगानी गरिएका प्रयत्नहरूको वारेमा यर्थाथ जानकारी प्राप्त हुदैन ।साथै विश्वमा विद्यालय, विद्यार्थी र शिक्षकको संख्या बददो छ । नयाँ-नयाँ शिक्षण विधि, सामग्री,मूल्यांकन पद्धति, पाठयक्रमको विकाश भइरहेको छ । विद्यार्थी, शिक्षक, भौतिक सं-साधनहरूको प्रभावकारी व्यवस्थापन आवश्यक छ । विभिन्न योजना र कार्यक्रम बिच तालमेल नहुने, भौगोलिक विषमता, सूचना र संचारको अभाव, अनुगमन र सुपरिवेक्षणको अभाव, आवश्यक तथ्यांकको अभावले शैक्षिक तजुमा, कार्यन्वयन र अनुगमनमा वाधा पुगेको वर्तमान अवस्थामा शैक्षिक व्यवस्थापन सूचना प्रणालीको महत्त्व झन बढ्दो भइरहेको छ (थापा र अन्य २०६६)।

शैक्षिक क्षेत्रमा सूचना व्यवस्थापन आफैमा महत्वपूर्ण पक्ष हो । सूचना प्रणालीको विकास र प्रयोग तथा कार्यान्वयन संगैं यसको महत्व आवश्यकता यसको महत्व, आवश्यकता वारेमा सबै पक्षलाई पारदर्शी ढंगबाट सूचना प्रवाह हुनेगरी सूचना व्यवस्थापन हुनुपर्दछ । पटके प्रयास वा समाधान गर्नका लागि आफनो अनुकुलको सूचना संकलन गर्ने र कार्यान्वयन भएको विद्यमान अवस्था छ । जुन वास्तविकतामा अधारित रहेर घटनाक्रम सर्न्दभ नीति तथा कार्यक्रम राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेश, प्रतिबद्धता अनुकुलको सूचना संकलन भएर कार्यान्वयन भएको विधमान अवस्था छ । जुन वास्तविकतामा अधारित रहेर घटनाक्रम सर्न्दभ निति तथा कार्यक्रम राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेश प्रतिबद्धता अनुकुल सूचना संकलन भएर कार्यान्यवयनमा आएको छ, छैन भन्ने सवाललाई बढि धयान दिन जरुरी छ । नेपालको शैक्षिक व्यवस्थापन सूचना प्रणाली अर्न्तगत यस किसिमबाट सूचना व्यवस्थापन प्रभावकारी रुपबाट विकाश हुन सकिरहेको छैन । शिक्षा क्षेत्रमा पूर्व निर्धारित लक्ष्य हासिल गर्न वर्तमान अवस्थामा कति उपलब्धी हासिल गर्न सकिएको छन्, छैन् शुद्ध वैधानिक एवम् सान्दर्भिक सूचना समयमा नै केन्द्रदेखि स्थानीय स्तर (विद्यालय) सम्म दोहरो रुपबाट सूचना प्रणाली प्रवाहित हुन आवश्यक छ ।

काफ्ले (२०६८) का अनुसार यो एउटा तथ्यांक संकलन प्रकृया पनि हो । यस भागमा लगानी, प्रशोधन (प्रकृया) उपलब्धी र सुझाव प्रतिकृया समावेश भएको हुन्छ । यी सबै

कार्यहरु निश्चित उद्देश्य प्राप्तीका लागि गरिन्छ । यो ठूलो क्षेत्रका तथ्यांकहरुको व्यवस्थापन गर्ने पद्धति हो । यसबाट चाहिएका बेलामा चाहिएका सूचनाहरु पत्ता लगाउन, प्रशोधन गर्न र विश्लेषण गर्न सकिन्छ । यो निश्चित कार्यका लागि प्रयोग गर्न सकिन्छ ।

डब्लु उइन्डम (१९९४) का अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली भनेको शैक्षिक योजना र व्यवस्थापनको लागि सूचना र अभिलेखहरुको सेवाको संगठित समूह हो जसले सूचनाहरुको संकलन, भण्डारण, प्रशोधन, विश्लेषण र प्रबोधिकरण गर्दछ ।

वर्तमान अवस्थामा शैक्षिक क्षेत्रमा प्रमुख समस्याका रुपमा रहेको विभिन्न पक्षहरु मध्ये शैक्षिक तथ्यांक सम्बन्धी विषय पनि रहेको छ । शैक्षिक तथ्यांकको गुणस्तरीयता सम्बन्धमा विभिन्न प्रश्नहरु उठने गरेका छन् । यसका पछाडी सही सूचना तथा तथ्यांक प्रेषित हुन नसक्नु, प्रेषित तथ्यांकहरुमा एक रुपमा नपाइनु र सही तरिकाले व्याख्या नगरिनु जस्ता कारणहरु रहेका छन् । शिक्षासँग सम्बन्धित सबै किसिमका सूचनालाई व्यवस्थित किसिमले विभिन्न सूचनाको माध्यमबाट प्रदर्शित गरी ठीकसँग व्यवस्थापन गर्ने तरिका, विधिलाई शैक्षिक व्यवस्थापन सूचना प्रणाली भनिन्छ । व्यवस्थापनलाई निर्णय गर्न आवश्यक पर्ने भरपर्दो वास्तविक तथा तथ्य सूचनाहरु समयमा उपलब्ध गराउनु यसको प्रमुख उद्देश्य हो । गुणस्तरीय शिक्षा र कुशल शैक्षिक व्यवस्थापनको लागि राम्रो शैक्षिक योजना अनिवार्य छ र असल शैक्षिक योजनाको लागि शैक्षिक तथ्यांकहरु नै आरम्भ विन्दु हो र विन्दुहरुको कौशलपूर्ण भूमिका निर्वाह गर्ने शैक्षिक व्यवस्थापन सूचना प्रणालीको अभावमा शिक्षामा लगानी गरिएका प्रयत्नहरुको बारेमा यथार्थ जानकारी प्राप्त हुँदैन । साथै विश्वमा विद्यालय, विद्यार्थी र शिक्षकको संख्या बढ्दो छ । नयाँ नयाँ शिक्षण विधि, सामाग्री, मुल्यांकन पद्धति पाठ्यक्रमको विकास भइरहेको छ । विद्यार्थी, शिक्षक, भौतिक, साधारणहरुको प्रभावकारी व्यवस्थापन आवश्यक छ । विभिन्न योजना र कार्यक्रम विच तालमेल नहुने, भौगोलिक विषमता, सूचना र संचारको अभाव, अनुगमन र सुपरिवेक्षणको अभाव, आवश्यक तथ्यांकको अभावले शैक्षिक तर्जुमा, कार्यान्वयन र अनुगमनमा बाधा पुगेको वर्तमान अवस्थामा शैक्षिक व्यवस्थापन सूचना प्रणालीको महत्व झन् बढ्दो भइरहेको छ (थापा, श्रेष्ठ र सिग्देल, २०७४) ।

युनेस्को (२०१०) मा आइआइइपि मोडुलले शैक्षिक व्यवस्थापन सूचना प्रणालीको कार्यान्वयन सम्बन्धी निम्न पक्षहरुलाई उल्लेख गरेको छ ।

शैक्षिक व्यवस्थापनमा सूचना प्रणाली अपनाउँदा त्यसका चरणबारे ख्याल गर्नु पर्दछ । यसका लागि तथ्याङ्क सङ्कलन, तालिम, अध्यावधिक तथ्याङ्क सङ्कलन, तथ्याङ्क उपलब्धतामा आइपर्ने समस्या र चुनौतिका बारेमा दिएको छ । रोस महिकले यसबारेमा विशेष जोड दिएका छन् । शिक्षामा प्रयोग गरिने सन्दर्भ अध्ययन, शैक्षिक लगानी, उत्पादन जस्ता पक्षमा विशेष चासो राख्नुपर्दछ । यसमा व्यवस्थापकीय सीप र दक्षतालाई ध्यान दिनु पर्दछ । शैक्षिक व्यवस्थापन सूचना प्रणालीको विकास चरण शैक्षिक व्यवस्थापन सूचना प्रणालीको विकासात्मक चरणलाई क्रमिक रुपमा विकास र विस्तार गर्नु पर्दछ । यसका साथै शैक्षिक व्यवस्थापनमा सूचना प्रणालीको क्रममा समावेश, शुद्धता र समय जस्ता पक्षलाई सदैव ख्याल गर्नु पर्दछ । शैक्षिक व्यवस्थापनमा सूचना प्रणालीको लाग्ने लागतको निर्धारण रोस र महिकले जसलाई आर्थिक अवस्थासँग तालमेल हुनेगरी बनाउनु पर्नेमा जोड दिएका छन् ।

शैक्षिक व्यवस्थापनमा सूचना प्रणालीको लागि लाग्ने लागत के कति हो, त्यसका लागि आर्थिक र मानवीय स्रोत के कस्तो आवश्यक पर्ने हो सो बारे ख्याल गर्नुपर्छ । यो लागत प्रभावकारी हुनु जरुरी छ । शैक्षिक व्यवस्थापनमा सूचना प्रणालीको आवश्यकता महत्वलाई समेत जोड दिनुपर्छ । विश्व बैंकले शैक्षिक व्यवस्थापनमा सूचना प्रणालीको वर्तमान अवधारणाका सम्बन्धमा निम्न पक्षमा जोड दिएको छ । तथ्याङ्क सङ्कलन तथ्याङ्क सङ्कलन प्रक्रिया विकास गर्नुपर्छ । तथ्याङ्क र यसका लागि आवश्यक सुधारका लागि योजना तयार गर्नुपर्छ । लागत अनुमान गर्ने शैक्षिक व्यवस्थापनमा सूचना प्रणालीको लागि लाग्ने आर्थिक पक्षलाई विशेष ख्याल गर्नुपर्छ । खर्च के कति लाग्ने हो र त्यो कहाँबाट जुटाउने हो सो निश्चित गर्नुपर्छ । जनशक्ति, तालिम र यान्त्रिक खर्च समेत समावेश गर्नुपर्छ । आत्मनिर्भर बनाउने शैक्षिक व्यवस्थापनमा सूचना प्रणालीको निर्माणका साथै निरन्तरताको पनि आवश्यक हुन्छ । यसको लागि व्यवस्थापकीय तालिम, कार्यान्वयन प्रक्रिया, वास्तविक मूल्याङ्कन र अनुगमन, स्थानीय आवश्यकता, अपेक्षित उपलब्धीलाई विशेष जोड दिन आश्यक छ । सूचनाहरुको प्रकृति सूचनाहरुलाई संक्षेपीकरण गर्ने, सार्वजनिक गर्ने, प्रयोग तर्फ जोड दिने । थप अध्ययनको लागि सुझाव दिने जस्ता कुरामा ख्याल गर्नुपर्छ । शैक्षिक व्यवस्थापनमा सूचना प्रणालीको लागि अनुगमन गर्ने, मूल्याङ्कन गर्ने गर्नुपर्छ ।

यसर्थ शैक्षिक क्षेत्रको व्यवस्थापन संग जोडिएर आएको व्यवस्थापन सूचना प्रणाली कनिष्ठ विधाको रुपमा देखा परेको छ । यस क्षेत्रमा सूचनाको क्षेत्रको दायरा बढदै गएकोले सूचनाको पहिचान, छनोट, संकलन, प्रशोधन, विश्लेशण, भण्डारण, प्रसारण र उपयोगको लागि निश्चित खालको खाका वा प्रणालीको आवश्यकता पर्दछ । यसर्थ शैक्षिक व्यवस्थापन सूचना प्रणाली आफनो निर्णयकर्ता, प्रशासक र योजनाकारका लागि औपचारिक, सहि र भरपर्दो सूचना उपलब्ध गराउने पद्धति हो । तथापि शिक्षा क्षेत्र विगतका भन्दा फराकिलो बन्दै जाने क्रममा जटिलता पनि थपिदै गएकाले शैक्षिक सूचना के कति मात्रामा छन्  भन्न सकिने सहज अवस्था छैन । तहगत रुपमा शिक्षक, विद्यार्थी, शैक्षिक उपलब्धी, आर्थिक, भौतिक, पक्ष लगायत अन्य सरोकारवालासंग सम्बन्धित विसवध खालका शैक्षिक सूचकहरू रहन्छ । जसका आधारमा व्यवस्थापन गर्नुपर्ने भएकोले शैक्षिक व्यवस्थापनमा सूचना प्रणाली आफैमा जटिल चुनौतिपूर्ण र संवेदनशिल बन्दै गएको छ । यही तितो तर यर्थाथ सत्य, जो एउटा समस्याको रुपमा देखा परेको अवस्था विद्यालयहरूमा विद्यमान रहेको छ , त्यसको व्यवस्थापन तथा कार्यान्यवयनमा सो शैक्षिक संस्थाको प्रशासकीय प्रमुखको रुपमा रहनु हुने प्र.अ. को भूमिकालाई एक समस्या को रुपमा लिई अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

सूचना प्रणालीको विकास र प्रयोग संगै कार्यान्वयनमा यसको आवश्यकता वारेमा सवै पक्ष सुसुचित भएको हुनुपर्दछ । विद्यालय तहमा प्रधानाध्यापकले लैगिंक जातीय, सिमान्तकृत, उमेरगत विद्यार्थी भर्ना दर, कक्षा दोहप्याउने, छाडने, निष्काशन भएको संख्या र उपलब्धी हासिल दर, पाठयपुस्तक, पाठसामग्रीको उपलब्धता र वितरण अवस्था, विषयगत, लैगिक, समावेशी रुपमा योग्य दक्ष तालिमप्राप्त शिक्षक, शिक्षकको तलब, प्रशााशनिक खर्च, प्रति विद्यार्थी लागत खर्च ( कक्षगत/तहगत) र विद्यालयको अन्य भौतिक तथा वित्तिय खर्च वारेमा स्पष्ट रुपमा ध्यान दिई त्यससंग सम्बन्धित सूचनाहरू स्पष्ट रुपबाट संकलन गरी पारदर्शी रुपमा प्रयोग गर्नुपर्दछ । साथै यी सबै कार्यहरूलाई व्यवस्थित ढंगले सूचित तथा पारदर्शी गर्न चानचुने कुरा कुरा नभई तुलनात्मक रुपले प्र.अ. लाई सहज हुने तथा उहाँको जिम्मेवारी र दायित्व अन्तर्गत पनि पर्दछ । विद्यालयमा अप्रत्यक्ष मूल्यको सूचना व्यवस्थित गर्न केही जटिलताहरू देखा पर्न सक्दछ, जसमा अवसरीय मूल्य र अभिभावकले गर्ने लगानी बाहेक  शिक्षण सिकाइ र अतिरिक्त क्रियाकलायमा हुने खर्च बारेमा समेत सूचना व्यवस्थित

र पारदर्शी एंव प्रभावकारी बनाउने तर्फ सम्बन्धित संस्थाको प्रधानाध्यापकले ध्यान दिनु पर्दछ ।

शैक्षिक सूचना प्रणाली एउटा जटिल तर अपरिहार्य, समय सापेक्ष प्रणाली भएको कारणले विद्यालयमा यसको व्यवस्थापन हाल सम्म सुध्रिएको अवस्था देखिदैन । अहिलेको समयमा विद्यालयको सर्वपक्षीय क्षेत्रमा विभिन्न कार्यहरू सम्पादन गर्न शैक्षिक सूचना प्रणालीको व्यवस्थापन महत्वपूर्ण स्थान रहन्छ । किनभने प्रायसः सबै क्षेत्रमा तथ्यांक अधारित विश्लेषण हुन्छ । सो को व्यवस्थापन तथा संचालन गर्न आवश्यक प्रविधिहरू जनशक्तिको रुपमा परिचालन गरिनुपर्दछ । विद्यालयमा बाहय आय श्रोतको सिमितताको कारणले विद्यालयको प्र.अ. लाई नै प्रशिक्षण गराई शैक्षिक व्यवस्थापन सूचना प्रणालीको व्यस्थापन गर्नु बाच्छनीय हुन्छ ।

विद्यालयलाई विभिन्न सरकारी निकाय तथा गैर- सरकारी संस्थाहरूबाट सूचना प्रवाहका श्रोत साधनहरू प्रदान गरेपनि सोको सञ्चालनार्थ प्राविधिक जनशक्ति व्यवस्थापन संग- संगै गरेको हुदैन जसले गर्दा शैक्षिक व्यवस्थापन सूचना प्रणाली को व्यवस्थापनका  समस्या देखापर्दछ । परिणाम स्वरुप समस्या निराकरण गर्न प्र.अ. को भूमिका अपरिहार्य देखिन्छ ।

विद्यालयमा प्रमुख प्रशासकको रुपमा रहनु प्र.अ. प्रायसः कम्प्युटर ज्ञान भएकोले विद्यालयमा लगानीको प्रतिफल स्पष्ट रुपमा देखाउन समस्या रहेको देखिन्छ ।

विद्यालयको आर्थिक र शैक्षिक दुवै प्रशासनको प्रमुखको भूमिका गर्नु हुने प्र.अ. सम्पूर्ण विद्यार्थी शिक्षकहरूको नेतृत्व समेत भूमिका रहने हुदा विद्यालयको हरेक सूचनाहरूको संकलन, प्रशोधन,प्रस्तुतिकरण, विश्लेशन सम्बन्धी पूर्ण ज्ञान विद्यालयको प्र.अ. लाई अनिवार्य हुने भएकोले यो अध्ययन बाञ्छनीय भएको हो ।

शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुरक्षालाई प्रभावकारी बनाउन मानवीयवा यान्त्रिक प्रणालीमा अधारित सूचना राम्ररी समूहकृत गरी व्यवस्थापन गर्नुपर्दछ, जसमा सधारण र समूहगत गरी दुई किसिमका सूचना रहन्छन । तसर्थ कस्ता खालका सूचनाहरू क -कसका लागि सदैव खुल्ला रहने नरहने सो समस्याको विषय रहने भएको हुँदा निराकरणार्थ प्र.अ. को भूमिका अगाडी आउँछ । साथै सूचना संकलन र भण्डारण गरेर मात्रै नभई सो को प्रयोग वा कार्यान्वयन गर्नुपर्दछ जसलाई समय -समयमा अधावधिक गर्ने क्रममा मूल्याकंन

गरी त्यसको भावी प्रतिविम्ब लाई ख्याल गर्नुपर्दछ । यसको लागि क्मपियुटर ज्ञान(दक्षता) प्रधानाध्यापकमा जरुरी हुन्छ । यसर्थशैक्षिक व्यवस्थापन सूचना प्रणाली को कार्यान्वयन तथा व्यवस्थापनमा प्र.अ.को भूमिकालाई एक समस्याको रुपमालिई अध्ययन गर्ने कार्य भएको छ ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि संस्थामा अत्याधिक कार्य सूचनासंग सम्वन्धित हुने धारणा समेत विभिन्न विज्ञहरूले राखेको छन् । त्यसैले सूचनाको मौलिक हकका रुपमा विश्वव्यापी स्थापित मान्यतालाई आत्मसात गरी शैक्ष्कि क्षेत्रमा पनि पारदर्शी रुपबाट सूचना प्रवाह गर्नुपर्दछ । साथै पटके प्रयास वा समाधानमा आधारित सूचनालाई निरुत्साहित गरी एकभन्दा बढि पटक प्रयोग गर्न सकिने सूचना अद्याबधिक गर्नुपर्दछ । “सूचना एक प्रयोग अनेक” भन्ने मान्यतालाई ख्याल राख्नुपर्दछ, त्यसका लागि “खोजेको बेलामा रोजेको सूचना ” प्राप्त गर्न र कार्यान्वयन गर्न सकिने गरी सूचना प्रणालीलाई व्यवस्थापन गर्नुपर्दछ (सर्न्दभ श्रोत) ।

विद्यालयको शैक्षिक (समान्य) र आर्थिक प्रशासन दुवै क्षेत्रको प्रमुखको रुपमा रहनु हुने प्रधानाध्यापक, विद्यार्थी र शिक्षक दुवै पक्षको नेतृत्वदायि व्यक्तित्वको रुपमा भूमिका निर्वाह गर्नु पर्ने साथै विद्यार्थी, शिक्षक र अभिभावक बिचको त्रिकोणात्मक सम्बन्धलाई सुमधुर अवस्था कायम राख्न एक सक्षम समन्वयकर्ताको समेत भूमिका प्र.अ. लाई गर्नु पर्ने हुँदा विद्यालयको हरेक क्षेत्रको सूचनाको पार्दशिता तथा अद्यावधि गरि कार्यान्वयन गर्ने गराउने कार्यमा प्र.अ.को भूमिका अपरिहार्य हुने भएकोले यो विषय औचित्यपूर्ण रहेको छ ।

यसरी उपर्युक्त यथार्थलाई सफलिभूत पार्न विद्यालयको प्र.अ. को भूमिका अग्रणी स्थानमा रहन्छ । किनभने प्र.अ. भनेको जहाजरुपि विद्यालयको कप्तानसंग तुलना गर्न सकिन्छ । उपर्यूक्त खालकोशैक्षिक व्यवस्थापन सूचना प्रणाली का व्यवस्थापनका कार्यवाहक तथा संवाहक प्र.अ. मात्र सम्भव भएको हुँदा यसलाई अध्ययनको विषय वनाई यस अध्ययन बाट प्राप्त निष्कर्षले शैक्षिक निकाय वा क्षेत्रसंग सरोकार राख्ने सम्पूर्ण पक्ष : शिक्षक,प्र.अ.,अभिभावक, विद्यार्थी, समाजसेवी समेतलाई आ-आफनो जिम्मेवारी तथा उत्तरदायित्व वोध गराउन उपयोगी हुने तथा सिंगोसंस्थाको विकास द्रुतगतिले हुने भएको हुँदा यो विषय औचित्यपूर्ण रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएका छन् ।

क) विद्यालयमा शैक्षिक सूचना प्रणालीको वर्तमान व्यवस्थापनको स्थिति पहिचान गर्नु,

ख) शैक्षिक व्यवस्थापन सूचना प्रणालीको व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका विश्लेषण गर्नु,

ग) शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा देखिएका समस्याहरूको खोजी गर्नु,

घ) शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा देखिएका समस्याहरूको निराकरणका उपयुक्त उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनको उद्देश्य पूरा गर्न विद्यालयहरूको विद्यमान शैक्षिक सूचना प्रणालीको व्यवस्थापन क्षेत्रमा सम्बन्धित रहेर निम्न लिखित अनुसन्धानात्मक प्रश्नहरूको उत्तर खोजेको छ ।

क) शैक्षिक सूचना प्रणालीको वर्तमान व्यवस्थापनको स्थिति के कस्तो छ ?

ख) शैक्षिकसूचना प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका कस्तो रहन्छ ?

ग) शैक्षिक सूचना प्रणालीको कार्यान्यवयनमा आएका समस्या तथा चुनौतीहरू के-के हुन सक्छन् ?

घ) शैक्षिकसूचना प्रणालीमा देखिएका समस्याहरूका उपायहरू के - के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

अध्ययन र अनुसंधानले जति धेरै क्षेत्रलाई समेटन सक्यो त्यति नै त्यसको वैधता र विश्वसनीयताको स्तर पनि उच्च रहन्छ किनभने अध्ययनको क्षेत्र जतिधेरै भयो, सोको विवरण वास्तविकताको त्यति नजिक रहन्छ । तर हरेक अध्ययनलाई सिमित श्रोत, साधन र समयको कारणले चाहे जति व्यापक बनाउन कठिन हुन्छ ।

**चौतारासाँगाचोकगडी** नगरपालिकाकामाध्यमिक विद्यालयहरुमध्ये उद्देश्यमूलक नमुना छनोटविधिबाट४ मा.वि.छनोट गरी अध्ययन सम्पन्न गरिएको छ । उक्त विद्यालयका प्र.अ. शिक्षक, वि.व्य.स.अध्यक्ष, कर्मचारी (लेखापाल/प्र.स.) पि.टि.ए. अध्यक्ष, अभिभावक, विद्यार्थी नमुनाको रुपमा लिइएको छ ।विद्यालय सर्वेक्षण फारम र प्रश्नावलीका माध्यमबाट तथ्यांक संकलन गरिएको छ ।

# परिच्छेदः दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

### २.१.सम्बन्धित साहित्यको अध्ययन

शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रमुख उद्देश्य भनेको शिक्षामा प्रभावकारी व्यवस्थापन गर्नु हो । यसले कन्सेप्चुअल व्यकग्राउण्ड र टुल्स उपलब्ध गराउँछ (विश्व बैंक, २०१४) । स्तरीय शिक्षाका लागि परिणाम (सावेर, २०१४) मा उल्लेख भएअनुसार कुनै पनि राष्ट्रले वर्तमान अवस्था हेरेर ई.एम.आइ.एस.को प्रयोग गर्ने गरेको छ ।

यो पार्टले ई.एम.आइ.एस.लाई कसरी ड्राइभ गर्ने गर्छ । यसको पूर्ण विवरण उपलब्ध गराउँछ । जस्तै  ध्वनी प्रणाली, स्तरीय तथ्याङ्क र निर्णयका उपयोगिता उपलब्ध गराउँछ । यसमा सावेरका तीन भागहरु छुट्याएका छन् । जस मध्ये बेञ्च मार्किङ पाइलट जसले शैक्षिक विवरणहरु उपलब्ध गराउँछ र अर्को भनेको परिणाम दिने गर्दछ । यसका विभिन्न कमि कमजोरीहरु पनि रहेका छन् । कमि कमजोरी हुँदाहुँदै पनि राज्य सरकारले आफ्नो आवश्यकता हेरी यसको प्रयोग गर्ने गर्छ ।

श्रेष्ठ (२०६७) ले तयार पार्नु भएको शिक्षामा सूचना र सञ्चार प्रविधिको उपयोग आवश्यक चुनौती र सम्भावना नामक शिर्षक राखी शैक्षिक स्मारिकामा प्रकाशन गरिएको लेखमा आधुनिक शैक्षणिक प्रविधिको साधन कम्प्यूटर लिएर पछिल्ला समयका सबै भन्दा प्रभावकारी प्रविधि हो । विद्यालयमा कम्प्यूटरको प्रयोग कम्प्यूटर शिर्षक अध्यापन गर्ने मात्र हैन तल्ला कक्षा देखि माथिल्ला कक्षाहरुको सम्मका लागि विभिन्न ऐनिमेशन प्रविधिबाट शैक्षिक सामाग्रीको रुपमा भाषा, गणित, विज्ञान, सामाजिक, शिक्षा आदि पढाउन पनि उपयोग गर्न सकिन्छ तर यस प्रति सरोकारवालाको ध्यान नगएकाले यसबाट शिक्षाको समय अवसर र सुविधामा दिनानुदिन चुनौती थपिदै गइरहेको भने स्पष्ट सो लेखमा गरिएको पाइन्छ । यस्ता चुनौतीहरुलाई समाधान गरी शिक्षामा व्यवस्थित प्रयोगका लागि सरकारको भूमिका अझ सशक्त हुनु पर्ने निष्कर्ष रहेको पाइन्छ ।

भिलनुभा (२०१५) का अनुसार संसार अहिले खुम्चेको अवस्थामा शिक्षा क्षेत्रको विकास र प्रविधिले गर्दा संसार साँगुरो हुँदै गइरहेको छ । सरकारले शिक्षामा निकै लगानी गर्दै

आइरहेको छ । तर सोचे जस्तो परिणाम हुन सकेको छैन । यहि आवश्यकता लाई महसुस गरेर संविधानमा एउटा मुख्य दस्तावेजको रुपमा कानूनी कागज राख्ने व्यवस्था गरेको छ । विश्वमा तिब्र जनसंख्या वृद्धिले गर्दा बालबालिकाहरुको खास गरी आधारभूत विद्यालयमा बढेको देखिन्छ । राज्यले पनि मुख्य जोड शैक्षिक एकरुपमा कायम गर्नका लागि आधारभूत विद्यालय र माध्यमिक विद्यालयमा निजी र सरकारी दुवै क्षेत्रलाई खुल्ला गरेको छ । वर्तमान अवस्थामा एसिया र प्रसान्त क्षेत्रको विद्यालयहरुमा आधुनिक प्रविधिहरुले स्थान लिन सकेको छैन । यी देशहरुमा विभिन्न समस्याहरु रहेकाले डाटा र व्यवस्थापन समस्याहरु हुँदै हुँदै पनि केही कम हुँदै गइरहेको छ । डाटा व्यवस्थापन प्रणालीले राम्रो सँग प्रविधिहरु बनाउन सकेको छैन ।

युनेस्को(२००२) ले शैक्षिक व्यवस्थापनलाई विभिन्न ९ वटा भागमा बाँडेको छ । हुन त सरकारको आवश्यकता अनुसार नियम कानून अनुसार तथ्यांक संकलन तथा वितरण हुन्छ । जसले शिक्षामा राम्रो प्रतिफल दिन्छ । यसले शिक्षालाई व्यवस्थापन गर्दा निर्णय प्रकृयामा ठिक र ठोस जानकारीले मात्र शिक्षण सिकाई प्रक्रियामा सहयोग गर्दछ । यसले विद्यार्थीहरुलाई सही जानकारी लिने दिने बानीको विकास गर्दछ । जसले नयाँ नयाँ सोच र विचारको आविष्कार गर्दछ । गलत सूचना र जानकारीले शैक्षिक प्रकृयामा अवरोध खडा गर्दछ । जसले विद्यार्थीहरुमा नकारात्मक असर पर्न सक्छ । त्यसैले आवश्यक सूचना समयमा दिएर सही तरिकाले तथ्यांक संकलन गरेर, राम्रो सँग भण्डारण गरेर राख्नु पर्दछ । यसले अशिक्षा, गरिबीलाई अन्त्य गर्दछ । त्यसैले गुणस्तरीय भनेको जिल्ला, क्षेत्र र राष्ट्र स्तरमा देखिन्छ । विद्यालय र कक्षा कोठामा प्रत्यक्ष असर देखिन्छ । यसको आवश्यकता भनेको अभिभावक, शिक्षक, प्रधानाध्यापक, शिक्षाविद्, क्षेत्रिय प्रदेश र संघका अधिकारीहरु र सर्वेक्षक र अधिकारीहरुलाई उपलब्ध गराउने गर्दछ । शैक्षिक प्रणाली दिन प्रति दिन जटिल बन्दै गइरहेको छ । जसले विभिन्न प्रणालीहरु ठिक ढंगले काम गर्न सकेको छैन । शिक्षामा लिने निर्णयले शिक्षाको गुणस्तरमा समेत असर पर्ने गरेको देखिन्छ । विश्व जगतमा भइरहेको द्रुत गतिको विकासले हाम्रो एसिया भन्दा अन्य महादेशमा सूचना प्रणाली निकै अगाडी बढी सकेको छ । विश्वको अन्य देशहरुमा नयाँ नयाँ सफटवेयरहरु निर्माण गरी विभिन्न एप्सहरु विकसित गरेर धेरै कामहरु अगाडी बढी रहेको छ । तर हाम्रो देश नेपालमा पहिला समय विस्तारै यसको प्रयोग हुन थालेको हो । नेपाल निजी क्षेत्रका विभिन्न कम्पनीहरुले यसको बारे अध्ययन अनुसन्धान गरिरहेका छन् भने सरकारी निकायबाट

त्यस्तो ठोस तरिकाले हुन सकिरहेको छैन । यसले सूचना प्रणालीमा हाम्रो देश निकै पछाडी परेको छ । विकसित राष्ट्रहरुमा यसको स्थिति धेरै राम्रो रहेको छ ।

स्मृती (२०१४) अनुसार व्यवस्थापन सूचना प्रणालीले सूचनालाई व्यवस्थापनको क्षेत्रमा नियन्त्रण गरी विभिन्न व्यापारिक संस्थाहरु प्रयोग गरिन्छ । सूचना प्रणालीले संस्थामा कार्यरत व्यवस्थापकलाई उद्देश्य अनुसार काम गर्न सजिलो हुन्छ । व्यवास्थापन सूचना प्रणालीले सूचना सङ्कलन, प्रक्रिया र वितवरण गर्ने गर्छु । यर्थात र सही कामलाई मात्र लिइन्छ र गलत कामलाई हटाइन्छ । व्यवस्थित सूचना प्रणालीले उपयुक्त सूचना उपयुक्त समयमा उपलब्ध गराएर निर्णय प्रक्रियालाई सहज बनाइ दिएको छ । यसमा अवश्यक परेको बेला संशोधन गरी प्रणालीमा सूधार गरिन्छ । व्यवस्थित सूचना प्रणालीले संस्थामा रहेका मानवसँग राम्रो सम्बन्ध कायम गरेको हुन्छ । यसमा नाफा र नोक्सानको लेखाजोखा पनि गरिन्छ । यसैगरी यसले व्यवस्थापकलाई शुद्ध सूचना उपलब्ध गराइएको हुन्छ, जसले संस्था संचालन प्रभावकारी र उपयुक्त तरिकाले गर्न सकिएको छ । सूचना प्रणाली व्यवस्थापन केन्द्रित हुन्छ । यसमा सूचना माथी देखि तलसम्म प्रवाह गरेको छ । यसमा महत्वपूर्ण सूचनाहरु राखिएको हुन्छ । व्यवस्थापनको निर्देशनमा सूचना प्रणाली व्यवस्थित हुन्छ । यसमा व्यवस्थापकको निर्देशनमा सङ्कलित सूचनाहरु व्यवस्थित तरिकाले संस्थामा राखिन्छ । सूचनाहरुलाई विभिन्न विभागमा बाँडिएको छ । सूचना व्यवस्थापन एकिकृत कार्यक्रम हो । यसमा विभिन्न  प्रणालीहरु रहने हुनाले यसले सूचनाको वृहत क्षेत्रलाई समेटेको हुन्छ । यसले सूचना प्रणालीलाई जीवन्त दिन्छ । यसले गलत सूचना सङ्कलन, तथ्याङक विश्लेषण र भण्डारण विभिन्न क्षेत्रमा आदन प्रदान गर्दछ ।

टेलेन (२००१) ले विद्यालयमा सूचना प्रणाली व्यवस्थापक र शैक्षिक व्यवस्थापनमा सूचना प्रणाली बिच तुलना गर्दा यि दुवै बिच संरचना व्यवस्थापन कार्य, शैक्षिक क्रियाकलाप र विशेष विद्यालय आवश्यकता जस्ता पक्षहरु औंल्याएको छ । जस अन्तर्गत ले फङ एण्ड विल्ड (१९९१) र मिसर (२००८) ले कम्प्यूटर सूचना प्रणाली लागु गरेको थिर विद्यालय प्रणाली निर्भर रहन्छ । डाटा बैक अथवा कम्प्यूटर कार्य प्रणालीसँग जसले कम्प्यूटरमा डाटा भण्डारण र व्यवस्थापन कार्य सजिलो होस् । नेतृत्व र विद्यालय सुधार प्रवृधि बिच अझै पनि विवादको विषय बनेको छ ।

शर्मा (१९९२) ले समुदायलाई जनसङ्ख्याको प्रतिनिधित्वको रुपमा लिइन्छ जसमा समाजमा भएका मानिसहरुको चाहना, इच्छा, आकांक्षा देखिन्छ । ती चाहाना, इच्छा रहर पुरा गर्न स्थापना गर्न प्रेरित गर्दछ । विद्यालयको पहुँच भन्दा बाहिर रहेको विद्यार्थीहरुलाई विद्यालयको पहुँच सम्म पुऱ्याउने सूचनाले सहयोग गर्दछ। यसले विद्यार्थीहरु व्यवहार निर्माण गर्न लगाइन्छ । विद्यालय क्षेत्र र समुदायबिचको समब्न्ध दोहोरो सहयोगको रुपमा हुन्छ । यसमा विद्यालयका विभिन्न क्रियाकलाप समाजसँगको अन्तक्रिया गराइन्छ । विद्यालयका अभिभावकले विद्यालयका विद्यार्थीहरु सिकाई उपलब्धीले विद्यार्थीहरुको ज्ञान, शीप अभिवृद्धि गर्दछ । यसले विद्यालय र अभिभावक बिच सम्बन्ध राम्रो कायम गर्न सकिन्छ । यसले शैक्षिक स्तरलाई बृद्धि गर्दछ ।

रोर्जस र राइट (२००८) ले गरेको अध्ययनले शिक्षक र अभिभावकले विद्यालयमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीको भूमिकाले विद्यालयमा भएको गतिविधि सम्बन्धी अभिभावक लाई सूचित गरिन्छ । यसले पहिले विद्यार्थीको अभिभावकलाई जानकारी गराउँदा समय खर्च धेरै हुन्थ्यो तर अहिले अभिभावकलाई सूचना दिदा सजिलेसँग दिइन्छ । आधुनिक युगमा भएका विभिन्न अविष्कार र प्रविधि जस्तै टेलिफोन, मोवाइल, इन्मेल र वेइवसाइटहरुको माध्यले सजिलो भएको छ । यस अनुसन्धान कार्यले हामी अध्ययनकर्तालाई विद्यालयमा शैक्षिक व्यवस्थापनमा सूचना प्रणालीको प्रयोग अनिवार्य हुनु पर्ने देखिन्छ ।

वाइगो (२०१०) आर्थिक व्यवस्थापन एउटा प्रक्रिया जसले यो काम निर्माण र विद्यालय कोष निर्माण गरी निश्चित नियम र कानुन बनाई आर्थिक कारावार गरिएको रहेछ । आर्थिक व्यवस्थापनले बजेट निर्माण गर्न विद्यालयकाका लेखापाल जिम्मेवार भई अनुगमन र संचालन गरेको देखियो । विद्यालयमा आय र व्यव विद्यालय लेखा प्रणालीको किताब अनुसार गरेको देखियो । यस कार्यले विद्यालयका हिसाव किताब राम्रो रहेको देखियो । खास गरी यसले विद्यार्थीको शुल्क, अनुदान, विभिन्न निकायले दिएको आर्थिक सहयोग, विद्यार्थीबाट आएको शुल्क, विद्यालयमा हुने गरेको खर्च, भौतिक जस्ता काम गर्न केही प्रविधि को आवश्यकता पर्दछ । जुन कार्य गर्न केही प्रणाली र प्रविधि काम त्यही भएर यो सूचना प्रणाली आइ.सि.टि. व्यवस्थापन आवश्यक छ । अहिले विद्युतिय लेखा प्रणाली मात्र एउटा यस्तो प्रणाली हो । यूगन्डा र वोटसवानाले इ.एम.आइ.यस. प्रयोग गर्दा आर्थिक विस्तारै विद्यालयमा सूचना प्रणालीको रुपमा प्रवेश पाएको देखियो ।

बेक्टा (२००४) यदी विद्यालयमा प्राविधिक कमजोरी देखियो भने त्यस्ता कमजोरीहरु निराकरण गरी नियमित रुपमा रेकर्ड मिलाउनु पर्दछ । यसमा विद्यालयमा भएका शिक्षकहरु तालिम प्राप्त नहुँदा कामकाज गाह्रो हुन्छ । सूचना प्रणालीसँग अपटुडेट रहेका शिक्षकहरु भविष्यमा सूचना प्रणालीमा आउने परिवर्तनलाई सजिलै संचालन गर्न सक्छ । यदी शिक्षक पूर्व जानकारी छ भने भविष्यमा काम गर्दा इन्टरनेट, वेभसाइट आदि जस्ता कामहरु नगरी कार्य गर्न सक्षम हुन्छन् । उनले मूख्य जिम्मेवारी शिक्षकहरु दिएको छ । यी प्राविधहरुमा आएको परिवर्तनलाई । यदि शिक्षकहरु आएको परिवर्तनलाई सकारात्मक ढङ्गले आफ्नो धारणा निर्माण गरी ती प्रविधिहरुलाई राम्रो सँग आफ्ना धारणा निर्माण भविष्यमा सकारात्मक परिवर्तन ल्याउँछ । जसले विद्यालयको शैक्षिक वातावरण निर्माणमा सहज हुन्छ । शिक्षण गर्दा प्रविधिको प्रयोगले शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउँछ । फरक-फरक शिक्षकले फरक-फरक ढङ्गले परिवर्तनलाई आत्मसात गर्दछ । यदी एक जना शिक्षकले नयाँ प्रविधि अनुसार शिक्षण गर्छु र अरु पुरानाले पुरानो तरिकाले पठन पाठन गर्दछ भने त्यसले फरकपन ल्याउँछ । त्यसले विद्यार्थीको भविष्यसँग खेलवाड हुन जान्छ । स्मृति चन्द (२०१२) कम्प्यूटरको युग सँगै व्यवस्थापन सूचना प्रणालीले व्यवस्थापनलाई अति द्रत सूचनाको लागि सहयोग समहका रुपमा प्रसिद्ध । प्रख्यात भई रहेको छ । व्यस्थापन समिति प्रणालीको उद्देश्य, व्यवस्थापक र अनुशासनकर्तालाई विभिन्न तहमा तिनीहरुलाई सहयोग गरी तिनीहरुका योजना नियन्त्रण, संरचना र निर्णय लिने कार्यलाई प्रवाह गरी प्रतिवेदन दिने र आवश्यक सूचना प्रदान गरिरहेको छ । वैज्ञानिक रुपबाट सूचनालाई विभिन्न क्रियाकलापहरुको व्यवस्थापनको विभिन्न तहहरुको संगठनको सरना, सकंलन, प्रशोधन, भण्डारण र वार्तालाप गर्दछ त्यसैले व्यवस्थापनले यसका कार्यहरुलाई सक्षमतापुर्वक प्रवार्हमा सहयोग गर्ने छ र सबैको राम्रोका लागि संगठनलाई सक्षम तरिकाले सुचारु गर्ने छ । निर्णय लिने कार्यलाई प्रवाहित तरिकाले कार्यन्वयनका लागि सूचनालाई प्रस्तुतीगत रुपमा वैज्ञानिक तरिकाको सूचनालाई समयमा संकलन गर्ने र संगठनात्मक लक्ष्य प्राप्त गर्ने उद्देश्यको लागि संगठनात्मक कार्यान्वियनलाई अवलम्बन गर्नु हो । प्रणाली भनेको व्यवस्थापनको योजना, नियन्त्रण र संगठनको क्रियाकलापहरुको मूल्याङ्कनद्वारा नमुना प्रदान गर्नु हो । यो नमुनाको छनोट संरचना खाका भित्र गरिन्छ जुन योजनाको फाइँदा, प्रस्तुतिको योजना र सबै तहहरुका नियन्त्रणण्मा जोड दिन्छ । यो आवश्यक व्यापारको सह-प्रणाली दुवै आर्थिक र ग्रैह्र आर्थिक कम्पनी भित्र को समसमायिक घटनाको

अन्तिम सगठनको सूचना संगठन गर्छ । व्यवस्थापन सूचना प्रणालीको आर्थिक संस्था यो माथिको परिभाषाहरुले के स्पष्ट पार्दछ भने एउटा प्रद्धति हो जुन यसको व्यवस्थापन कार्यलाई प्रभावकारी तरिकाले सहयोग गर्दछ । यसले प्रत्येक व्यवस्थापकलाई राम्रो ठीक निर्णय लिन र उसका कार्यहरुलाई उतेजित पार्न आवश्यक सूचना प्रवाह गन दिन्छ । यो प्रभावकारी व्यवस्थापकीय कार्यहरुलाई उपयुक्त प्रतिवेदनको रुपमा उपयोगी सूचना प्रधान गर्ने सैद्धान्तिक प्रणाली हो । शैक्षिक व्यवस्थापन सूचना प्रणाली र विभिन्न संस्था संस्था बिच सम्बन्ध प्रगाद रुपले अगाडि बढ्छ । नेपालमा रहेका सूचना प्रणाली विभिन्न विद्यालय । श्रोत केन्द्र, विभिन्न प्रदेश सरकार हुँदै केन्द्र सरकार सम्म समन्वयर सम्बन्ध स्थापित रहेको हुन्छ ।

पोखरेल (२०१२) केही वर्ष देखि शिक्षा क्षेत्रले धेरै चुनौतीहरुको सामना गर्दै आइ रहेको छ । निजी क्षेत्रका शिक्षा प्रदान दिन नियकाहरुले मुनाफाको हिसावले शिक्षण सिकाइ गरिएको देखिन्छ । गुणस्तर शिक्षा उपलब्ध गर्नु पर्ने ठाउँमा आर्थिक नाफाको हिसावले निजी स्कूलहरु संचालनमा रहेको छ । यसले देशभरी विभिन्न समस्याहरु खडा गरेको देखाइएको जसले विद्यार्थीहरुलाई दिनुको ठाउँमा विद्यार्थीहरुलाइ आघ्रसिक प्रविधिसँग पर राख्ने जस्ता कार्यहरु भइ रहेकोले यसले सरकारलाई झकझकाएको छ । विज्ञान र प्रविधिमा आएकोदेखिन्छ । यदी निजि क्षेत्रका विद्यालयहरुमा प्रयोग गरिनु पर्दछ । नेपालमा यति धेरै समस्याहरु ढाँचाको शिक्षा प्रणालीले प्रतिश्पर्दा गर्न नसक्ने र त्यसले राज्य कमजोर हुने त्यसैले शिक्षामा प्राविधि मुलक हुनुपर्दछ । समग्र विश्व आज एउटा सिङ्गो गाउँमा रुपान्तरण भइरहेको अवस्थामा हामीले त्यसै अनुसार हिड्नु पर्ने हुन्छ ।

यी माथीका समस्याहरु सामाधानका लागि प्रतिवेदनहरु निर्माण गर्न थाले । यो प्रतिवेदन वास्तविक तथ्याङ्क उपलब्ध गराएकोले समस्याहरु विस्तारै कम हुँदै गएको ले विद्यालयमा यसको आवश्यकता झन बढ्दै गयो । यसलाई अझ वस्तुनिष्ट बनाउन नियमित रुपले काम सुरु गरियो जसले सूचना प्रणालीको महत्व अझै । धेरै दसायौ । यो प्रतिवेदनले शैक्षिक शिक्षण संस्थाहरुमा विभिन्न कार्यक्रमहरु, विद्यार्थीहरु र आर्थिक कारोवारका कुराहरु जस्ता पक्षलाई सुलम बनाएको छ । त्यसले यो प्रतिवेदनले पाठकलाई सुझाव र सुधारका कामहरु हुने अपेक्षा गरिएको छ ।

च्याँङ र चेन (२०००) लेर्क टिपोट गर्छ भने परम्परागत विद्यालय व्यवस्थापन अभ्यास केन्द्रित कर्मचारीतन्त्र मा भर पर्छ जुन सुजात्मक र राजनितिक रणनीहरुलाई विद्यालय माथि नियन्त्रण आफै सँग सम्बन्धित छन् । मानव स्रोतहरुको प्रभावकारी प्रयोगलाई अवरोध गर्छ । र शैक्षिक गुणस्तरलाई विद्यालयको संस्कृतिको विकासको खोजी गर्छ ।

फुल्लन र वाटसन (१९९९) ले विश्व बैकको लागि एउटा लेख तयार गरे जहाँ त्यहाँ अनुक्रमागत एउटा कानुन छ अथवा उच्च तल्लो नमुना शिक्षा व्यवस्थापनको दिनहरु देखि छ । एउटा पूर्ण परिवर्तन प्रतिनिधित्व गर्छ । प्रशासकहरु विद्यालय तहमा नयाँ तरिकाहरु तिनीहरुलेसहयोग गर्न कार्यान्वयन गर्न इच्छुक र सक्षम उत्तरदायित्वहरुको नयाँ स्वरुपलाई बयान गर्छ । त्यसैले पेशागत विकास धेरै महत्वपूर्ण छ जुन यो भन्दा अगाडि सहयोग गर्यो किनकि तिमीहरुले व्याख्या गर्छ जुन विकेन्द्रिकरण नियम, कानुन पार गरेर सिर्जना गर्त सकिदैन तर यो भन्दा आउँदो चुनौतिहरुको सृङ्खलाको निर्माण गर्नुपर्दछ । उदाहरणको लागि परिवर्तित लामो स्थापित आदत/व्यवहारहरु र विचाहरु र नयाँ सीप हरुको विकास । यो उएटा एकृतत नयाँ तरिकाबाट गर्ने बस्तुहरु हुन ।

ओ.इ.सि.एस. (२०००) को सहयोगमा पेशागत विकासको बाहेक विधालयको बाहिरी सहयोगको प्रयोग सम्बन्धित पुर्ण/द्रुत परिवर्तन गर्न यिनीहरुले सहयोग गर्न आवश्यक छ ।

च्याँङ र चेन (२०००) सबैभन्दा राम्रो कार्य मा आधारित थियो । विद्यालयमा केन्द्रित व्यवस्थापन, सजात्मक, राजनीतिक, मानव स्रोत र साँस्कृति उद्देश्यहरुको कार्यान्वयन गर्न एउट वह-उद्देश्य (२०००) के टिपोट गर्छ भने यी विभिन्न उद्देश्यहरुबाट एस.बि.एम. को घटना हरुको पहिचान र व्याख्या, समस्याहरु र अवरोधहरुको कार्यान्वयन फरक छन् । त्यसैले यी घटनाहरुको नियन्त्रण गर्न रणनीतिक हुन् । उदाहरणका लागि तिनीहरुका लागि तिनीहरु के टिपोट गर्छ भने मानवीय स्रोत उद्देश्यका अनुसार एस.बि.एम. केही अवरोधहरु विद्यालयको अवस्थासँग शिक्षकहरु निराश हुनु, आवश्यक तालिमको कमी ज्ञान, सीपको कमी र स्रोत साधनहरुको कमी हुन सक्छ । राजनीतिक दृष्टिकोण यो स्पष्ट जवा फदेहिताको कमी, भूमिका र सधारण लक्ष्यहरुको कमीले साँस्कृति दृष्टिकोणले जागृत गर्छ । यो परिवर्तन चाहान्छ र स्थानन्तरणको नेतृत्वको कमी जुन विद्यालयको संस्कृति र

स्टाफहरुको विश्वासहरु र यून्य स्थानतरणभर्छ यो बहु-उद्देश्य सिद्धान्तले पेशागत विकासको आवश्यकता र एस.बि.एम. को सहयोग गर्न पुनर्वल दिन्छ ।

कार्की (२०६५) ले तयार पार्नुभएको *शैक्षिक व्यवस्थापकीय क्रान्ति* लेखले व्यवस्थापकीय क्रान्तिको सिद्धान्तलाई आधार वनाइएको छ । राजनैतिक, सामाजिक, प्राविधिक वा सर्वहारा भन्दा पृथक ढंगको क्रान्ति व्यवस्थापकीय क्रान्ति हो । बर्तमान विश्व व्यवस्थापकहरूको पन्जामा रहेको छ । ती व्यवस्थापक वा प्रवन्धकहरूले गरिरहेको विश्वबजारमा शैक्षिक व्यवस्थापकको कुसलताले शिक्षा क्षेत्रलाई प्रभावकारी नेतृत्व दिनुपर्दछ । व्यवस्थापकलाई दुई किसिमले वर्गीकरण गर्न सकिन्छ जसअनुसार पहिलोमा प्रख्यात वैज्ञानिक,प्राविधिक, प्रतिष्ठानका निर्देशक, इन्जिनियर तथा सहजकर्ताहरू पर्दछन् भने दोस्रोमा महाप्रवन्धक, शाखा प्रबन्धक, उत्पादन प्रबन्धक आदि । प्रबन्धकीय ज्ञान विमा कुनै कामलाई लक्ष्यमा पुप्याउन सकिदैन । प्रस्तुत लेखले प्रशासकीय व्यवस्थापनका विविध पाटाहरूको जानकारी दिई शैक्षिक व्यवस्थापनको आवश्यकता र महत्व बोध गराएको छ । यस लेखले समाजका विभिन्न संघ, संस्था, संगठन र कार्यालयको व्यवस्थापन कुशल व्यवस्थापकका हातमा हुने कुरा स्पष्ट हुने कुरा स्पष्ट पारेको छ । शैक्षिक मूल्याकंनको क्षेत्रमा पनि प्रबन्धकले शासन गर्दछ । उनको प्रबन्धकले शासन गर्दछ भन्ने मान्यतामा आधारित यस लेखले समग्र शैक्षिक वातावरणको उन्नतिको लागि कुशल व्यवस्थापक र उसको व्यवस्थापकीय कलाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ भन्ने आशय बाँडेको छ । यसरी व्यवस्थापनलाई शैक्षिक गुणस्तरसंग जोड्दै बस्याल (२०६५) ले तयार पार्नु भएको *शैक्षिक गुणस्तरमा शैक्षिक योजना तथा व्यवस्थापन विभागले ऐतिहासिक पृष्ठभूमि* नामक लेखले सो विभागको ऐतिहासिक पृष्ठभूमि केलाई त्यसको भूमिका को चर्चा गरेको छ । शैक्षिक गुणस्तर वृद्धिको लागि योजना र व्यवस्थापन अनिवार्य शर्त हुन् । कुशल व्यवस्थापकले उच्च कार्य शैली र कार्यस्तरको मानव सं साधन तयार हुन्छ । विना ट्रफिकको यातायात झै अस्तव्यस्त बनेको शैक्षिक कार्यक्रमलाई सुधार र व्यवस्थित गर्न शैक्षिक व्यवस्थापन आवश्यक छ । *असल जनशक्ति उपयुक्त ठाउँमा*भन्ने भनाईको सार्थकता कुशल शैक्षिक व्यवस्थापनबाट मात्र संभव हुन्छ । नयाँ पुस्ताले पूर्ण गुणस्तरीय जीवनयापन गर्न आवश्यक ज्ञान,सीप र अभिवृति शैक्षिक व्यस्थापनमा भर पर्दछ ।

त्यस्तै आर्थिक व्यवस्थापनसंग सम्बन्धित रहेर प्रसाँई (२०६५) ले तयार पार्नु भएको सामुदायिक विद्यालयहरूमा आर्थिक श्रोत व्यवस्थापन प्रकृया नामक अप्रकाशित शोधपत्र झापा जिल्लाका पाँचवटा सामुदायिक प्राथमिक विद्यालयहरूका आर्थिक श्रोत व्यवस्थापनलाई अध्ययन गरिएको छ । भौतिक, शैक्षिक व्यवस्थापन जस्तै आर्थिक व्यवस्थापन पनि प्रमुख हो भनी शोधपत्रमा प्रस्तुत गरिएको छ । सो शोधपत्रमा प्रा.वि.हरूको आर्थिक श्रोत पहिचान गर्नु विद्यालयहरू विच आर्थिक श्रोतको तुलना गर्नु आर्थिक पारदशिता र व्यवस्थापन प्रकृयाको स्थिति पतालगाउनु यस्ता उदेश्यहरू राखिएका छन। जनसंख्या नमुनालाई उदेश्य मुलकरुपले छनोट गरिएको यो शोधपत्रमा शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई अनुसंधानात्मक औजारहरूको प्रयोग गरिएको छ । अनुसंधानात्मक ढाँचा परिमाणात्मक र गुणात्मक दुवै प्रकारको पाइयो । प्रा.वि.हरूमा विभिन्न शीर्षकहरू मार्फत प्राप्त अनुसंधानलाई ५० प्रतिशत विद्यालयहरूले मात्र राम्ररी व्यवस्थापन गरेको पाइयो ।शोधपत्रको खाकालाई अनुसरण गरी तयार गरिएको यस शोधपत्रमा २६ बुदाहरूमा प्राप्ति र निष्कर्षलाई समेटेको छ । सिमित श्रोतसाधनहरूलाई राम्रो व्यवस्थापनका पक्षमा लगानी गनुपर्ने निर्णय गरेर मात्र खर्च गर्ने सामाजिक परीक्षण र वाहिय लेखा परीक्षणलाई नियमित गर्ने, विद्यालयको आर्थिक व्यवस्थापनमा स्थानीय संघ सस्थाको भरपूर्ण सहयोग लिने जस्ता कुराहरूलाई सुझावको रुपमा शोधकर्ताले प्रस्तुत गर्नुभएको छ ।

यसै अध्ययनको क्रममा शैक्षिक जनशक्ति संसाधन व्यवस्थापनमा केन्द्रित रहेर ढकाल ( २०६७) ले तयार पार्नुभएको उच्च माध्यमिक विद्यालयमा मानवीय संसाधन व्यवस्थापन नामक शोधपत्रमा उच्च माध्यमिक विद्यालयमा मानवीय संसाधन व्यवस्थापनको अवस्था पत्ता लगाउनु यसका समस्या तथा चुनौतिहरू पत्तालगाउनु तथा माववीय संसाधन व्यवस्थापनका प्रभाकारी उपायहरूलाई सुझावका रुपमा प्रस्तुत गर्ने उदेश्य राखिएको छ । विभिन्न सर्न्दभ सामग्री, पत्रपत्रिका आदिमा व्यवस्थापन क्षेत्रको अध्ययन गर्ने क्रम्मा श्रेष्ठ नारायण(२०६७) ले तयार पार्नुभएको शिक्षामा सूचना र संचार प्रविधिको उपयोग आवश्यक चुनौति र सम्भावना नामक शिर्षक राखि शैक्षिक स्मारीकामा प्रकाशन गरिएको लेखमा आधुनिक शैक्षणिक प्रविधिको साधन कम्प्युटर लिएर पछिल्ला समयका सबै भन्दा प्रभावकारी प्रविधि हो । विद्यालयमा कम्प्युटरको प्रयोग कम्प्युटर शिर्षक अध्यापन गर्ने मात्र हैन तल्ला कक्षा देखि माथिल्ला कक्षाहरूको सम्मका लागि विभिन्न ऐनिमेशन प्रविधिवाट शैक्षिक

सामग्रीको रुपमा भाषा, गणित, विज्ञान, सामाजिक शिक्षा आदि पढाउन पनि उपयोग गर्न सकिन्छ तर यस प्रति सरोकारवालाको ध्यान नगएकाले यस वाट शिक्षाको समय अवसर र सुविधामा दिनानुदिन चुनौति थपिदै गइरहेको भने स्पष्ट सो लेखमा गरिएको पाइन्छ । यस्ता चुनौतिहरूलाई सामाधान गरी शिक्षामा व्यवस्थित प्रयोगका लागि सरकारको भूमिका अझ शसक्त हुनु पर्ने निष्कर्ष निकालेको पाइन्छ ।

त्यस्तै कोइराला (२०७०) द्वारा रचित सोपान कार्तिक अंकमा द्वन्द व्यवस्थापनः एक विश्लेषण नामक लेखमा द्वन्द व्यक्ति, संगठन तथा समाजको पूर्ववत रहेको अवस्था भनी उल्लेख गर्दै न्यायपूर्ण समाजको निर्माणको लागि शिक्षाको महत्वपूर्ण भूमिका रहने भएकोले विद्यालय शिक्षा देखि नै द्वन्द र सामाजिक न्याय र समानताका सम्बन्धमा नागरिकलाई ज्ञान दिन जरुरी हुन्छ भनी सारमा उल्लेख गरेको पाइन्छ । सो लेखमा संगठनको नेतृत्व संग द्वन्द बुझने, वार्ता गर्ने लगायत द्वन्दरत पक्षको कुरा सुन्ने, विवाद सामाधानको लागि प्रथमिकता दिने, कारणहरूको विश्लेषण जस्ता गुणहरू द्वन्द व्यवस्थापनको लागि जरुरी हुने कुरा उल्लेख गरिएका छन । द्वन्द व्यवस्थापनमा दुवै पक्षको जित हुने रणनिति राखि विकास र परिर्वतनको अवसरलाई उपयोग गर्ने मान्यता दिनुपर्दछ भनि सरांश गरिएको छ ।

खनाल (२०७०) द्वारा रचित सोपान कार्तिक अंकमा विद्यालय शिक्षामा आधुनिक शैक्षणिक प्रविधिको प्रयोग : चुनौति र सम्भावना नामक लेखमा शैक्षणिक प्रविधि सिकाई विच अन्तर सम्बन्ध प्रत्यक्ष रुपले रहेको कुरा स्पष्ट गरिएको छ । शैक्षणिक प्रविधिको प्रयोगले सिकारुमा प्रस्तुत गरिने विषय वस्तु प्रति दिगो धारण निर्माण गर्ने मदत पुग्दछ । यसले सूचना प्रदान गर्ने र यसलाई प्रत्यक्षीकरण गर्न दुवै कार्यमा एक साथ कार्य गर्दै छ  साथै सो लेखमा शैक्षिक प्रविधिको विशेषता र उपयोगिता उल्लेख गर्दै विद्यालय शिक्षालाई आधुनिक शैक्षणिक प्रविधि संग जोडने प्रयास अर्न्तगत नितिगत व्यवस्थाहरूको वारेमा चर्चा गर्दै सो को प्रयोगमा देखा परेको चुनौती र समस्यालाई सामाधान गर्ने उपायहरू बुंदागत रुपमा स्पष्टोक्तति गरिएको पाइन्छ ।

## २.२.सैद्धान्तिक खाका

हरेक अध्ययन र अनुसन्धान कुनै न कुनै विश्वव्यापी मान्यता प्राप्त सिद्धान्तको आधार लिएर गरिएको हुन्छ ।यस्ता सिद्धान्तबाट प्राप्त ज्ञानलाई व्यवहारमा रुपान्तरणका लागि

अनुसंधानहरूसहयोगी बन्नु पर्दछ । शैक्षिक व्यवस्थापन सूचना प्रणाली को संरचना मात्रै जटिल रहेको अवस्थामा विद्यालयहरू यसको प्रयोग र व्यवस्थापन त झनै चुनौतीपूर्ण कार्य बनेको देखिन्छ ।

विद्यालय स्तरमाशैक्षिक व्यवस्थापन सूचना प्रणाली व्यवस्थापकको रुपमा प्र.अ.को भूमिकालाई अगाडि सार्न सकिन्छ । कुन्ज तथा वइरिचको अनुसार एक कुशल व्यवस्थापक ले *पि.ओ.एस.एल.सी.* भन्ने सिद्धान्तलाई नै राम्रोसंग परिचालन गर्नु वा सम्पादन गर्नु नै व्यवस्थापकको भूमिका औल्याएको छन् । यस सिद्धान्त अनुसार कुनैपनि संस्थाको व्यवस्थापकलाई योजना वनाउने, संगठन स्टाफिगं, नेतृत्व गर्ने र समन्वय गर्ने कार्यहरू प्रथमिकताको रुपमा आउछ । त्यस्तै *हेनरी मिन्जबर्ज*का अनुसार व्यवस्थापकले अन्तर्वैतिक भूमिका, सूचनात्मक भूमिका, सूचनात्मक भूमिका र निर्णात्मक भूमिका निर्वाह गर्नुपर्दछ । भनी औल्याएको छन । यस्तै प्रकारले शैक्षिक व्यवस्थापन सूचना प्रणाली अन्तर्गतका व्यवस्थापनका महत्वपूर्ण पक्षको रुपमा सूचनाको प्रवाह कति प्रभावकारी माध्यम बाट भएको छ जसमा कति आधुनिक संयन्त्रको एकृकित रुपबाट विकास भई प्रणाली वा उपप्रणालीमा अधारित भई सूचना व्यवस्थापन भएको छ । त्यसलाई व्यवस्थापकको रुपमा रहेको प्र.अ. लाई नजिक बाट ध्यान पुऱ्याउनु पर्दछ ।

उपयुक्त सिद्धान्त तथा अवधारणा,मान्यतालाई आधार मानी विद्यालय स्तरमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीको कार्यान्वयनमा प्र.अ.को भूमिका विषय अनुसंधान कार्य हेतु यो शोधपत्र लेखन जमर्को गरिएको हो ।

## २.३. पुनरावलोकनको उपादेयता

यस अध्ययनको लागि सान्दर्भिक विभिन्न साहित्यहरूको पुनरावलोकनबाट प्रमुख रुपमा शोधपत्रमा प्रयोग हुने विभिन्न विषयवस्तु तथा शिर्षकहरू विषयमा जानकारी भएको छ ।कुन कुन विषयवस्तुलाई कहाँ कसरी सिलसिलेवार रुपले राख्ने सोको अवगत ती साहित्यहरूको अध्ययनबाट प्राप्त गर्न सकियो ।त्यस्तै ती साहित्यहरूको अध्ययनबाट शोधपत्रमा प्रयोग गर्नुपर्ने भाषा,शैली,सीमा, विषयवस्तु आदिको विषयमा मार्गनिर्देशन प्राप्त भएर यस शोधपत्र लेखनमा सहज पुऱ्याएको छ । ती साहित्यहरू अध्ययन गर्दा भाषागत, शैलीगत लगायतका क्षेत्रमा भेटिएका त्रुटीहरूलाई यस शोधपत्र लेखन गर्दा सच्याउने मौका प्राप्त भएको छ ।

यस शोधपत्र लेखन गर्दा पूर्वसाहित्यहरूको अध्ययन गर्ने क्रममा सान्दर्भिक साहित्यहरूको पूनरावलोकन गर्दा विशेषत व्यथापकीय पक्षको सैद्धान्तिक तथा कार्यन्वयन पक्षको वारेमा अध्ययन,तौर तरिकामा जानकारी भयो जसले यस अध्ययनलाई महत्वपूर्ण योगदान गरेको देखिन्छ ।

ती साहित्यहरूको पुनरावलोकनको निचोडलाई हेर्दा शैक्षिक संस्था लगायत कुनै पनि संघ संस्थाहरूको सर्वपक्षीय विकास हुन व्यवस्थापनको धेरै ठूलो महत्त्व रहेको देखिन्छ । जसका लागि एक कुशल व्यवस्थापकको आवश्यक रहेको हुँदा हरेक शिक्षण संस्थाहरूमा पनि शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको व्यवस्थापन तथा सो को कार्यान्वयन, सुदृढीकरणमा प्र.अ.को भूमिका अग्रणी स्थानमा रहेको देखिन्छ । प्र.अ.को व्यस्थापकीय कुशलतामा नै शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको कार्यान्वयन निर्भर परेको हुन्छ । यसको अतिरिक्त पुनरावलोकन गरिएको ती साहित्यहरूले विषय वस्तुलाई विस्तृत वनाउन, विषय केन्द्रित तथ्यहरू जुटाउन र सवै पक्षमा मार्गनिर्देशन गर्न मदत गर्दछ ।

## परिच्छेद तीन : अध्ययन विधि

सामुदायिक विद्यालयहरूमा शैक्षिक सूचना प्रणालीको व्यवस्थापनमा प्रशासकीय प्रमुख प्र.अ.को भूमिकालाई अध्ययन अनुसंधान गर्न आवश्यक ढाँचा,नमुना, स्रोत साधनहरूको प्रयोग आवश्यक देखिन्छ ।

### ३.१. अनुसंन्धानात्मक ढाँचा

शिक्षण संस्थाहरूमा शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको व्यवस्थापन वा कार्यान्वयनको अवस्था पत्ता लगाउनु, ती समस्याहरू पत्ता लगाउनु, सो संग जोडिएका समस्याहरू पत्ता लगाउनु, ती समस्याहरू निराकरणका उपायहरू खेजि गर्नु यसको उद्देश्य रहेकोले यी उद्देश्य पूरा गर्नका लागी परिमणात्मक र गुणात्मक दुवै मिश्रित ढाँचाहरूको प्रयोग गरिएको छ । यसका साथै विभिन्न तथ्यहरूलाई वर्णात्मक र विशलेष्णात्मक स्वरुपमा व्याख्या समेतगरिएकोले यसको ढाचा वर्णात्मक र विशलेष्णात्मक स्वरुपको समेत रहेको छ ।

### ३.२. जनसंख्या तथा नमुना छनोट

यस अध्ययनका लागि सिन्धुपाल्चोक जिल्लाका चौतारा संगाचोकगढीनगरपालिका भित्रका सम्पूर्ण विद्यालय, प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरु, पि टि ए तथा व्यवस्थापनि समितिका पदाधिकारी र अभिभावकहरु जनसंख्याको रुपमा रहेका छन् त्यस मध्ये ४ वटा मा.वि.हरू छनौट गरिएको छ । उक्त विद्यालयका प्र.अ. शिक्षक, वि.व्य.स.अध्यक्ष, कर्मचारी ( लेखापाल/प्र.स.) पि.टि.ए. अध्यक्ष, अभिभावक,विद्यार्थी नमुनाको रुपमा लिइएको छ । यो अध्ययन पूरा गर्नका लागि छनोट गरिएको विधि उद्देश्यमूलक विधि हो

### ३.३ .अनुसन्धानका साधनहरू

यो अध्ययनको उद्देश्य पूरा गर्नका लागि मुख्य गरी प्रश्नावली र विद्यालय सर्वेक्षण फारमको प्रयोग गरिएको छ । विद्यालयको प्र.अ.लाई सर्वेक्षण फारमको माध्यमबाट विद्यालको शैक्षिक तथा भौतिक सूचनाको विवरण थाहा पाउन प्रयोग गरिएको छ । त्यस्तै विद्यालयका शिक्षक, कर्मचारी, विद्यार्थी, वि.व्य.स.का अध्यक्ष, अभिभावकहरूलाई सम्बन्धित कार्य क्षेत्र तथा

जिम्मेवारी सम्बन्धि प्रश्नावली दिई ती क्षेत्रहरूको अवस्था, दृष्टिकोण थाहा पाउन उत्तरदाताको रुपमा प्रयोग गरिएको छ ।

### ३.४.तथ्यांकका श्रोतहरू

**३.४.१ प्राथमिक स्रोत** :प्राथमिक र द्वितीय दुवै प्रयोग गरिएको छ । अध्ययनकर्ता स्वंयम् विद्यालयमा उपस्थित भई प्रश्नावलीको उत्तर प्राप्त गर्ने कार्य, विद्यालय सर्वेक्षण फारम भर्ने कार्य अन्तक्रिया तथा छलफल विद्यालय सहितको अध्ययन आदि प्राथमिक श्रोतहरू प्रयोग गरिएको छ । प्राथमिक श्रोतहरूबाट तथ्यांक संकलनका लागि निम्न अनुसन्धानात्मक साधनहरू प्रयोग गरिएको छ ।

(क) प्रश्नावली
(ख) छलफल निर्देशिका
(ग) अवलोकन फारम

**३.४.२ द्वितीय स्रोत**ः द्वितीय स्रोतका रुपमा विभिन्न लेख, रचना, शोधग्रन्थलाई लिइएको छ । प्राथमिक तथा सहायक दुवै श्रोत बाट प्राप्त तथ्यांकहरूलाई विश्वसनीय रुपमा प्रस्तुत गर्न तथ्यांक शास्त्रीय विधिको प्रयोग गरी व्यख्या र विश्लेषण गरिएको छ ।

### ३.५. तथ्यांक संकलन विधि

नमुना छनौट परेका विद्यालयमा अध्ययनकर्ता स्वयम् गएर विद्यालय प्रसाशनसंग अनुमति लिई अध्ययन गरिएको छ । सम्बन्धित विद्यालयका प्र.अ.,शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, वि.व्य.स. र शि.अ.स.हरूलाई आ-आफनो जिम्मेवारी तोकिएको कार्य क्षेत्र को परिधिभित्र रही प्रशनावली तयार पारी उत्तरहरू संकलन गर्ने कार्य गरिएको छ साथै भौतिक सुविधा र आन्तिरिक तथा बाहय क्रियाकलाप, कार्यान्वयनको पक्षहरू अबलोकन विधिबाट तथ्यांक संकलन गरिएको छ । विद्यालय सर्वेक्षण फारम तथा विभिन्न प्रश्नावलीहरूमा अध्ययनका उद्देश्य अनुसारका सूचना विवरण संकलन गर्ने गरि प्रश्नहरू निर्माण गरि सम्बधित उत्तरदाताबाट भराई तथ्यांक सूचना विवरण संकलन गरिएको छ ।

### ३.६. तथ्यांकको विश्लेषण विधि

प्रश्नावली, अन्तक्रिया, छलफल तथा विद्यालय सर्वेक्षणबाट प्राप्त तथ्यांकलाई तालिका, चित्रको रुपमा प्रस्तुत गरी विश्लेषण गरिएको छ । प्राथमिक श्रोताबाट संकलन गरिएको

तथ्यांकलाई अर्थपूर्ण रुपमा सिमित क्षेत्रमा विभाजन गरी तालिको रुपमा प्रस्तुत गरिएको छ । प्राथमिक श्रोतबाट प्राप्त तथ्यांकलाई पनि उद्देश्यमूलक ढंगले विश्लेशन गरिएको छ ।

# परिच्छेद चार : नतिजाको छलफल

शैक्षिक क्षेत्रमा लगानी र उपलब्धिको दृष्टिकोणले हेर्दा समुदायिक विद्यालयहरूलाई गाम्भिरतापूर्वक लिइनु पर्ने सान्दर्भिक देखिन्छ । यसै सिलसिलामा सामुदायिक विद्यालयको शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनको अवस्था र त्यसको प्रक्रियाहरूलाई स्पष्ट पार्न तथ्यांकहरू संकलन गरी प्रस्तुत गर्ने कार्य यस परिच्छेदमा गरिएको छ । विभिन्न श्रोतबाट प्राप्त तथ्यांकहरूलाई शब्दबाट मात्र प्रष्ट पार्न कठिन हुने भएकोले विभिन्न तालिका र चित्र वाट प्रष्ट पारिएको छ । वि.व्य.स.का अध्यक्ष,प्र.अ. शिक्षक विद्यार्थी तथा कर्मचारीहरूलाई भराइएका प्रश्नावलीवाट प्राप्त कोरा र असंगठीत तथ्यांकलाई उदेश्यमूलक ढंगले प्रस्तुतिकरण, व्याख्या र विश्लेषण गरिएको छ । यसको अतिरिक्त विद्यालय सर्वेक्षण फारम बाट प्राप्त तथ्यांकलाई पनि सिलसिलाबद्ध र संगठित वनाई व्याख्या गरिएको छ।

## ४.१ सामुदायिक विद्यालयहरूमा शैक्षिक सूचना प्रणालीको व्यवस्थापनका वर्तमान अवस्था

विद्यालयको विद्यार्थी, अभिभावक,प्र.अ. वि.व्य.स.,शि.अ.संघ,समदाय, शिक्षा विभाग, मंत्रालयदेखि योजना आयोग सम्मकालागि शुद्ध विश्वासनीय र सान्दर्भिक शैक्षिक सूचना आवश्यक पर्दछ । शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली अर्न्तगत सर्न्दभ, लगानी, प्रक्रिया र उत्पादनका अधारमा सूत्रात्मक लागत अनुसार उत्पादन भयो, भएन सो अनुसारको सूचना प्रणाली विकसित हुनु पर्दछ । यद्यपि यस्तो ठ्याक्कै अवस्था भने सामुदायिक विद्यालयहरूमा देखिदैन । विद्यालयहरूमा सर्वप्रथम त शिक्षकहरू पेशागत रुपले स्वस्थ देखिदैन । अर्न्तभावनाले शिक्षणप्रति शिक्षक जिम्मेवार देखिदैन भने अर्को तिर सूचना प्रणालीको महत्वको अनभिज्ञको महसुस शिक्षकमा भएको देखिन्छ विद्यालयहरूमा विषय विग्यता भएको शिक्षकको कमि रहेको देखिन्छ साथै विषेशत : शैक्षिक व्यवस्थामा तथा सूचना प्रणालीको कार्यन्वयनमा प्र.अ. लाई मात्र सिमित दायित्वबोध रहेको तर अन्य शिक्षक, कर्मचारीहरूलाई सोको दायित्व जिम्मेवारी न्यून रहेको देखिन्छ ।अधिकांस प्र.अ. लगायत शिक्षक कर्मचारीहरूलाई अत्याधुनिक प्रविधिको श्रोत कम्प्युटर प्रयोग गर्न जान्दैन । यसले यस क्षेत्रको वास्तविक यर्थाथ झल्काउनु नै यस अध्ययनको प्रमुख उद्देश्य हो ।

### ४.१.१ विद्यालय सर्वेक्षण फारमबाट प्राप्त तथ्यांकको आधारमा शैक्षिक सूचनाप्रणालीको वर्तमान अवस्था

उपर्युक्त शिक्षकविद्यार्थी विवरण फारम अनुसार प्रत्येक विद्यालयमा शिक्षक विद्यार्थीको अनुपात न्यून देखिन्छ । विद्यालयको प्रा.वि. तहमा कार्यरत शिक्षकहरू प्राय एस.एल.सी. न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेका र प्याकेजबाट तालिम प्राप्त गरेको देखिन्छ । अधिकतम शैक्षिक योग्यताको रुपमा स्नातकोत्तर उत्तीर्ण तुल्नात्मक रुपले न्यून रहेको देखिन्छ भने केहिमा शुन्यता रहेको देखिन्छ । साथै विद्यालयको शिक्षकहरू स्थायी प्रकृतिका कम संख्यामा देखिन्छ भने अस्थायी, राहत,पि.सि.एफ., निजी प्रकृतिका शिक्षकहरूको वाहुल्यता देखिन्छ जसले गर्दा शिक्षण पेशा प्रति सन्तुष्ट देखिदैन । परिणाम स्वरुप शिक्षण प्रति कम उत्तरदायी देखिन्छ ।

यसको अतरिक्त विद्यालयमा शैक्षिक,आर्थिक प्रशाशनको प्रमुखको रुपमुर्ति तथा सूचना प्रणालीका मुख्य संवाहकको रुपमा रहनु हुने प्र.अ.हरूमा समेत प्राविधिक दक्षताको कमि रहेको, केहिको समान्य मात्रा रहेको देखिन्छ । शिक्षकहरू अधिकाश रुपले प्राविधिक दक्षतामा अपूर्ण देखिन्छ जसले गर्दा विद्यालयको सूचना प्रणाली को व्यवस्थापन कमजोर भएको देखिन्छ । समग्रमा विद्यालयको शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापन कमजोर रहेको विद्यालय सर्वेक्षण फारमवाट झल्किन्छ ।

### ४.१.२. प्र.अवाट प्राप्त प्रतिक्रियाको आधारमा शै.सू .प्रणालीको वर्तमान अवस्था

विद्यालयका प्र.अ.लाई सोधिएका प्रश्नावलीहरूको विश्लेषण गर्दा प्रायस : सवै प्र.अ.हरूबाट सम्बन्धित विद्यालयको शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापन समान्य रहेको भेटियो । विद्यालयहरूको आफनो श्रोत वाट कम्प्युटर लगायतको प्राविधिक साधन श्रोतहरूको व्यवस्थापनमा खर्च नदेखिएको भएपनि पछिल्ला अवस्थामा जिल्ला शिक्षा कार्यालयवाट केहि विद्यालयहरूमा कम्प्युटर, प्रिन्टरहरूको राहत स्वरुप व्यवस्थापन भएको देखिन्छ । प्र.अ. स्वयम प्रविधिक दक्षता नरहेको र ५० प्रतिशत समान्य दक्ष रहेको पाइयो । विद्यालयहरूमा कम्प्युटर र प्राविधिक जनशक्तिको अभावमा विद्यालयको तथ्यांकहरू परम्परागत शैलि अनुसार फायलिंग प्रणालीमा गर्दै आईरहेको र ५० प्रतिशत विद्यालयहरूमा यसको अतिरिक्त कम्प्युटर सेभिंग प्रणालीमा समेत थालनी भएको प्रतिक्रिया प्र.अ.हरूवाट प्राप्त भयो ।

विद्यालयहरूको तथ्यांक व्यवस्थापनको दुरुस्तता सम्बन्धी प्रतिक्रया लिदा ५ मिनेट भित्र आवश्यक परेको तथ्यांक उपलब्ध गराउन असमर्थ रहेको देखियो । पटके प्रयासमा अधारित रहनेगरी प्रयोगको स्थिति देखियो । विद्यालयमा ७५ प्रतिशत विद्यालयहरूमा शैक्षिक र लेखा प्रशाशन एउटै कर्मचारीद्वारा रेखदेख हुनेगरी व्यवस्थापन गरिरहेको पाइयो ।

### ४.१.३. विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरूवाट प्राप्त प्रतिक्रियाको अधारमा शै.सू .प्रणालीको वर्तमान अवस्था

विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूवाट प्राप्त प्रतिक्रयाको विश्लेषण गर्दा सम्बन्धित सवै विद्यालयहरूको शैक्षिक व्यवस्थापनको स्थिति दयनिय रहेको बुझियो भने सूचना प्रणालीको स्थिति संतोषजनक रहेको देखियो । विद्यालयमा वि.व्य.स. को भौतिक निर्माणलाई बढी महत्व दिएको र शैक्षिक तथा सूचना प्रणालीको विकास तथा व्यवस्थापनमा त्यति ध्यान नदेखाएको स्पष्ट प्रतिक्रिया प्राप्त भयो । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू न्यूनतम शैक्षिक योग्यता धारण गरेका भएपनि प्राविधिक अदक्षता सतप्रतिशत रहेको देखियो ।

### ४.१.४ लेखावाट प्राप्त प्रतिक्रियाको आधारमा शै.सू .प्रणालीको वर्तमान अवस्था

विद्यालयको कर्मचारीको रुपमा रहनु हुने लेखाहरूलाई सोधिएका प्रश्नावलीको विश्लेषण गर्दा लेखा/ प्र.स.हरूलाई सोधिएका प्रश्नावलीहरूको विश्लेषण गर्दा लेखा /प्र.स.लाई विद्यालयको विभिन्न क्षेत्रको सुदृढीकरणमा आफनो सहयोग गर्ने प्रतिबधता देखाएको छ । प्रत्येक विद्यालयहरूमा नियमित फलास वन र टु फारमहरू भर्दै आएको प्रतिक्रया प्राप्त भयो । सवै विद्यालयहरूमा उपलब्ध गाराउने तथ्यांकहरू त्यति छिटो छरितो नभएपनि यर्थाथ विवरण उपलब्ध गराउदै आएको प्रतिक्रया प्राप्त भयो । २५ प्रतिशत कर्मचारीहरू मात्र प्राविधिक दक्ष रहेको, २५ प्रतिशत समान्य र ५० प्रतिशत अदक्षता रहेको पाइयो । यद्यपि सम्पूर्ण कर्मचारीहरू प्राविधिक दक्षता प्राप्त गर्न उत्सुक रहेको देखियो ।

### ४.१.५. शिक्षकहरूवाट प्राप्त प्रतिक्रयाको आधारमा शै.सू .प्रणालीको वर्तमानअवस्था

विद्यालयको शिक्षक /शिक्षकाहरूको प्रतिक्रियालाई विश्लेषण गर्दा समग्रमा विद्यालयको शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको व्यवस्थापन प्र.अ.को प्रसानिक अधिकार क्षेत्रभित्र पर्दछन भने विश्वस्त देखिएका छन । आफनो जिम्मेवारी तोकिएको कक्षामा शिक्षण गराउनु

मात्र ठानेका देखिन्छ । प्रश्नावली दिइएको भन्दा वाहेक पनि मौखिक रुपले अन्य शिक्षकहरू-वाट प्रतिक्रिया माग्दा अन्य शिक्षकहरू शैक्षिक तथा सूचना व्यवस्थापनको अर्थ र महत्व समेत अनविज्ञ रहेको पाइयो । यस सम्बन्धी समान्य जानकारी भएपनि आफू सोको व्यवस्थापन गर्न उतरदायी नरहेको पाइयो ।

### ४.१.६ विद्यार्थीहरूवाट प्राप्त प्रतिक्रियाको आधारमा शै.सू .प्रणालीको वर्तमान अवस्था

यस अध्ययनको कममा सिमित विद्यार्थीहरूलाई प्रश्नावली तयार गरि र केही विद्यार्थीहरूलाई मौखिक प्रश्न/जिज्ञासा राखी प्रतिकया लिदा लगभग ५० प्रतिशत विद्यार्थी शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको अर्थ स्पष्ट नभएको जानकारी दिए । प्रश्नावलीको विशेषताको अधारमा कुनै पनि विद्यालयमा पूर्णत शैक्षिक तत्वहरूको पार्दशिता नरहेको प्रतिक्रिया दिए । कक्षाकोठामा समेत शिक्षकहरूको जिम्मेवारी पूर्ण व्यवहार वहन नगर्ने गरेको गुनासो गरे निरन्तर विद्यार्थी मूल्याकंन हुनु पर्नेमा सो नभईरहेको टिप्पणी गरे । विद्यालयका विभिन्न आन्तरिक परीक्षाहरूको उपरान्त समेत आशिंक रुपमा मात्र प्राप्तांक सार्वजानिक गरिरहेका दुखेसो पोखेका छन । यसरी समग्रमा सवै विद्यालयका विद्यार्थीहरू आ-आफनो शैक्षिक तथा सूचनाको व्यवस्थापनको मौजुदा स्थिति प्रति असंतुष्ट देखिएका छन् । हरेक सामुदायिक विद्यालयहरूमा शैक्षिक गुणस्तर वृद्धि गर्न साथै सूचना प्रणालीलाई सुदृढीकरण गर्न अति जरुरी रहेको प्रतिक्रिया दिए ।

यसरी नमुना छनौटमा परेका ४ वटै विद्यालयहरूको विद्यालय सर्वेक्षण फारम तथा सम्बन्धित प्र.अ., शिक्षक,कर्मचारी,विद्यार्थी, वि.व्य.स.अध्यक्ष, अभिभावकहरूबाट शै.सू.प्रणालीको वर्तमान अवस्था सम्बन्धमा दयनीय रहेको प्रतिक्रिया प्राप्त भयो ।

## ४.२ शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका

यस अध्ययनको क्रम्मा सार्वजनिक चारवटामा.वि.हरूमा सरोकारवालाहरूको रुपमा रहने प्र.अ.वि.व्य.स.अध्यक्ष, शिक्षक, कर्मचारी विद्यार्थीहरूलाई प्रश्नावली तयार गरि शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा सम्बन्धित विद्यालयको प्र.अ.को भूमिका पहिचान गर्न प्रतिक्रियाहरू लिई विश्लेषण गरिएको छ ।

### ४.२.१. प्र.अ.वाट प्राप्त प्रतिक्रयाको आधारमा शै.सू .प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका

विद्यालयका प्र.अ.लाई सोधिएका प्रश्नावलीहरूको विश्लेषण गर्दा प्रायजसो सवै प्र.अ.हरूवाट विद्यालयको शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा आफ्नो जिम्मेवारी महत्वपूर्ण रहेपनि प्राविधिक तथा व्यवस्थापकिय दक्षताको अपूर्णता को कारण प्रभावकारी रुपले व्यवस्थित नभईरहेको प्रतिक्रिया दिए । यसको सुव्यवस्थापनमा प्रमुख रुपले नैतिक तथा कानुनीरुपमा आफूलाई जिम्मेवारी लिइने कुरामा एकमत देखिन्छ ।

यसरी विद्यालयहरूमा शैक्षिक व्यवस्थापन र सूचना प्रणालीको व्यवस्थापनको कार्यान्वयनमा प्र.अ.हरू बढी जिम्मेवार रहेको प्र.अ. हरूले गरेपनि आफू मात्रले यो क्षेत्रको उभो लाग्ने कुरामा सहमत नरहेको, यसको प्रयोगमा असंतुष्टी रहेको प्रतिक्रिया दिदै शिक्षक, कर्मचारी, विद्यार्थी, वि.व्य.स.तथा सम्बन्धित सरकारी निकायको सहयोगको अपेक्षा प्र.अ.हरूले गरिएको पाइयो ।

### ४.२.२. विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरूवाट प्राप्त प्रतिक्रियाको आधारमा शै.सू .प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका

विद्यालयका वि.व्य.स.का अध्यक्षहरूवाट विद्यालयको शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका वारे प्रतिक्रिया लिदा विद्यालयको  भौतिक सुधार र त्यसको व्यवस्था को लागि नै वि.व्य.स. गठन भएको पाईयो । विद्यालयका शैक्षिक तथा सूचना लगायतका क्षेत्रहरूको व्यवस्थापन तथा कार्यान्वयन प्रमुखतः प्र.अ. हरूको जिम्मेवारी रहेको प्रतिक्रया प्राप्त भयो । सम्बन्धित विद्यालयको प्र.अ.स्थायी प्रशाासक तथा कानुनि प्राप्त अधिकारी भएकोले विद्यालयको शैक्षिक तथा सूचना प्रणालीको प्रभावकारी व्यवस्थापनमा प्र.अ.बढी जिम्मेवार देखिन्छ । यसर्थ  विद्यालयमा शैक्षिक तथा सूचना व्यवस्थापनलाई सुदृढिकरण गर्न प्र.अ.लाई बढी जिम्मेवार वनाउने, अन्य शिक्षक कर्मचारीहरूलाई प्राविधिक दक्षताको तालिमको व्यवस्थापन गराउने, शिक्षक कर्मचारीहरूलाई समेत शिक्षणको अतिरिक्त प्राविधिक जिम्मेवारीहरू वाडफाँड गर्नु पर्ने जस्ता प्रतिक्रयाहरू प्राप्त भयो ।

### ४.२.३ लेखा/प्र.स. वाट प्राप्त प्रतिक्रियाको आधारमा शै.सू .प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका

विद्यालयको कर्मचारीको रुपमा रहनु हुने लेखा / प्र.स. हरूलाई विद्यालयको शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका सम्बन्धमा सोधिएका प्रश्नावलीहरूको विश्लेषण गर्दा विद्यालयको सर्वपक्षीय अग्रणी भूमिका निर्वाह गर्नु हुने प्र.अ.को नै भूमिका संकेत गरेका पाइन्छ । विद्यालयका अन्य अंगहरू संकुचित रुपले आ-आफ्ना कार्यक्षेत्रको जिम्मेवारी लिइएका पाइन्छ । विद्यालयको प्र.अ.लाई जहाजको कप्तानसंग तुलना गर्दै विद्यालयको गुणस्तरीय शिक्षा र पारदर्शी सुव्यवस्थापन गर्न प्र.अ. बढी जिम्मेवार रहेकोले विद्यालयको शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका अन्य अंगहरूको तुलनामा अग्रणी रहेको पाइन्छ ।

### ४.२.४. शिक्षकहरूवाट प्राप्त प्रतिक्रयाको आधारमा शै.सू .प्रणालीको व्यवस्थापनमाप्र.अ.को भूमिका

विद्यालयको शिक्षक/शिक्षिकाहरूलाई विद्यालयको शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका सम्बन्धमा सोधिएका प्रश्नावलीहरूको विश्लेषण गर्दा विद्यालयको सर्वपक्षिय विकासको लागि माथिल्लो निकायद्वारानै प्र.अ.को नियुक्ति तथा व्यवस्था गरिएको हुँदा नियमत सो क्षेत्रको व्यवस्थापन तथा कार्यान्वययनमा प्र.अ.को जिम्मेवारी अघिल्लो स्थानमा आउँदछ । आफूहरूको मुख्य जिम्मेवारी कक्षाकोठामा शिक्षण गराउनु रहेको र आवश्यक परे सहयोग गर्ने समेत प्रतिक्रिया दिए । यद्यपि विद्यालयको शैक्षिक तथा आर्थिक गतिविधिसामान्य अवस्थामा रहेको प्रतिक्रिया प्राप्त भयो । विद्यालयहरूमा शैक्षिक, प्रशाशनिक, आर्थिक, भौतिक लगायतका क्षेत्रका प्रमुख भएको हैसियतले सम्बन्धित विद्यालयको प्र.अ. बढी जिम्मेवार रहने प्रतिक्रिया दिएका छन । विद्यालयहरूमा शैक्षिक तथा सूचना व्यवस्थापनको महत्व र आवस्यकताको पहिचानको बोध गराउदा सवै सरोकार वालाहरूवाट सहयोग हुने अपेक्षा समेत प्रतिक्रयाको रुपमा आएको देखिन्छ ।

### ४.२.५ विद्यार्थीहरूवाट प्राप्त प्रतिक्रियाको आधारमा शै.सू .प्रणालीको व्यवस्थापनमाप्र.अ.को भूमिका

विद्यालयको विद्यार्थीहरूलाई विद्यालयको शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका सम्बन्धमा  सोधिएका प्रश्नावलीहरूको विश्लेषण गर्दा विद्यालयको प्र.अ.लाई जहाजको कप्तानसंग तुलना गर्दै सम्बन्धित विद्यालयको सवै क्षेत्रहरूको समुचित विकास गर्न शैक्षिक व्यवस्थापन तथा सूचना पारदर्शिता प्रभावकारी ढंगले हुनु पर्दछ, जसको व्यवस्थापन तथा कार्यान्वयनमा प्र.अ.को नै अग्रणी भूमिका रहने कुरामा सवै विद्यार्थीहरूको एकमत देखियो ।

यसरी विद्यालयहरूमा शैक्षिक सूचना प्रणालीको सु व्यवस्थापनमा सरोकारवाला सवैको दायित्व रहेपनि प्रमुख भूमिका तथा दायित्व सम्बन्धित विद्यालयको प्र.अ.को नै रहने कुरामा उपर्यूक्त सबै उत्तरदाताहरू एकमत देखिएपनि सो अनुसार कार्यान्वयनमा सन्तोष जनक नरहेको प्रतिक्रिया दिएका छन् ।

### ४.३. शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा देखिएका समस्याहरू

यस अध्ययनको क्रममा सामुदायिक मा.वि.हरूमा विद्यालयका सरोकारवालाहरूको रुपमा रहने, वि.व्य.स., शिक्षक, विद्यार्थी, कर्मचारीहरूलाई प्रश्नानली तयार गरी शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा सम्बन्धित विद्यालयहरूमा देखिएका समस्या तथा चुनौतिहरूलाई विश्लेषण गरिएको छ ।

### ४.३.१ प्र.अ. वाट शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा देखाइएकासमस्याहरू

विद्यालयमा शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापन फितलो रहेको र सो को उचित व्यवस्गापन नहुनुका प्रमुख समस्याहरूमा प्रभावकारी योजनाको कमि, शिक्षक कर्मचारीहरूलाई आफनो उतर दायि बोधमा स्पष्ट नहुनु, समुदायमा जनचेतनाको कमि, कमजोर आर्थिक अवस्था आदि रहेका प्रतिक्रया दिए । शिक्षकहरू पूर्ण इमन्दारी पूर्वक कक्षा कोठामा समेत शिक्षण नगराई रहेको पनि समस्या देखिएका छन् । तुलनात्मक रुपले यसको कार्यान्वयनमा प्र.अ.हरू आफै प्रविधिक अदक्ष रहेको विद्यमान समस्या रहेको सत प्रतिशत प्रतिक्रिया प्राप्त भएका छन् ।

**तालिका १**

*प्र.अ.बाट प्राप्त प्रतिक्रियाहरू*

| क्र.सं. | विवरण | प्र.अ. सं. | प्रतिक्रिया | | |
|---|---|---|---|---|---|
| | | | पूर्ण | आंशिक | न्यून |
| १ | शिक्षक, कर्मचारीहरूले आफनो जिम्मेवार प्रति उत्तरदायी | ४ | – | ४ | – |
| २ | प्राविधिक दक्षताको स्थिति | ४ | – | १ | ३ |
| ३ | शैक्षिक तथा सूचना प्रणाली व्यवस्थापनमा समुदायको सहयोग | ४ | – | ४ | – |
| ४ | यसको कार्यन्वयनमा आर्थिक समस्या | ४ | १ | ३ | – |

स्रोत : स्थलगत अध्ययन, २०७९

यस अध्ययनको क्रममा सामुदायिक विद्यालयहरूमा शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको व्यवस्थापनको कममा देखिएको समस्याहरू वारे छानिएका ४ वटा सामुदायिक विद्यालयहरूका वर्तमान तथा निवर्तमान वि.व्य.स. प्रधानाध्यापकहरुसंग प्रश्नावलीको अध्ययनबाट प्रतिक्रिया लिँदा शिक्षक कर्मचारीहरुले आफ्नो जिम्मेवारी प्रतिको उत्तरदायीमा पूर्ण सहमत हुन सकेको पाइएन । प्र.अ हरुमा प्राविधिक दक्षताको स्थितिमा पूर्ण रुपमा कोही पनि पाइएन भने आंशिक २५ प्रतिशत र न्यून ७५ प्रतिशत रहेको पाइयो । त्यस्तै समुदायको सहयोग आंशिक रुपमा मात्र रहेको पाइयो भने कार्यान्वयमा आर्थिक समस्याको अध्ययन गर्दा २५ प्रतिशत पूर्ण रुपमा समस्या ग्रस्त रहेको पाइयो भने बाँकी ७५ प्रतिशत आंशिक रुपमा समस्यामा परेको पाइयो ।

### ४.३.२ वि.व्य.स.अध्यक्षहरूलाई सोधिएको प्रश्नावलीवाट समस्या वारे प्राप्त प्रतिक्रिया

**तालिका२**

*वि.व्य.स.अध्यक्षबाट प्राप्त प्रतिक्रियाहरू*

| क्र.सं. | विवरण | अध्यक्ष सं. | प्रतिक्रिया | | |
|---|---|---|---|---|---|
| | | | पूर्ण | आंशिक | न्यून |
| १ | तपाईंको विद्यालयको शैक्षिक तथा सूचना क्षेत्रमा भएका सुधारका स्थिति | ४ | – | ४ | – |
| २ | वि.व्य.स.को बैठकमा शैक्षिक विषयहरूको छलफल भइरहने | ४ | – | ३ | १ |
| ३ | कम्प्युटर सम्बन्धी ज्ञान | ४ | – | ३ | १ |
| ४ | आर्थिक पारदर्शीतामा तपाईंको भूमिका | ४ | – | ३ | १ |

स्रोत : स्थलगत अध्ययन, २०७९

यस अध्ययनको क्रममा सामुदायिक विद्यालयहरूमा शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको व्यवस्थापनको कममा देखिएको समस्याहरू वारे छानिएका ४ वटा सामुदायिक विद्यालयहरूका वर्तमान तथा निवर्तमान वि.व्य.स.अध्यक्षहरूको प्रश्नावली को अध्ययनबाट प्रतिक्रिया लिँदा शत प्रतिशत विद्यालयमा शैक्षिक तथा सूचनाको क्षेत्रमा आंशिक रुपले मात्र सुधारको स्थिति रहेको पाइयो । वि.व्य.स.को वैठकमा शैक्षिक विषयवस्तुहरूमा छलफल आंशिक रुपले भएपनि पचहतर प्रतिशत विद्यालयमा पाइयो तथा आर्थिक पार्दशिता पनि त्यस्तै अनुपातमा पाइयो । विद्यालयमा व्यवस्थापन क्षेत्रको प्रमुखको रुपमा रहने वि.व्य.स.का अध्यक्षहरू कम्प्युटर सम्बन्धी प्राविधिक ज्ञान २५ प्रतिशतलाई आंशिक रुपले र ७५ प्रतिशतलाई सो को ज्ञान नरहेको पाइयो । यस्ता अन्य विविध समस्याहरूले ग्रसित सामुदायिक विद्यालयहरू जसो तसो पनि संचालन भइरहेको अवस्था देखिन्छ ।

### ४.३.३. लेखा /प्र.स.लाई सोधिएका प्रश्नावलीवाट समस्यावारे प्राप्त प्रतिक्रया

**तालिका३**

*लेखा/प्र.स.बाट प्राप्त प्रतिक्रियाहरू*

| क्र.सं. | विवरण | लेखा/ प.स. सङ्ख्या | प्रतिक्रिया | | |
|---|---|---|---|---|---|
| | | | पूर्ण | आंशिक | न्यून |
| १ | तथ्याङ्क फारम सूचनाको यथार्थ स्थिति/दुरुस्तता | ४ | – | ४ | – |
| २ | कम्प्युटर सम्बन्धी दक्षता | ४ | – | २ | २ |
| ३ | सूचना सार्वजनीकरणको स्थिति | ४ | – | ४ | – |
| ४ | शैक्षिक सूचना प्रणालीको व्यवस्थापनमा शिक्षक कर्मचारीको सहयोगको स्थिति | ४ | – | ४ | – |

स्रोत : स्थलगत अध्ययन, २०७९

यस अध्ययनकाक्रममा विषयलाई बढी नजिकबाट सहयोग गर्ने सहयोगी कर्मचारीको रुपमा रहनु हुने विद्यालय कर्मचारी (प्र.अ./लेखा ) लाई प्रश्नावली मार्फत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको व्यवस्थापन गर्दा देखिने समस्याहरू संकलन गर्ने क्रममा विद्यालयका मुटुको रुपमा रहने फलास वन एण्ड टु तथ्यांक फारमहरू आंशिक रुपले दुरुस्त रहेको पाइयो । कम्प्युटर सम्बन्धी दक्षता कसैमा नपाएपनि प्र.अ./लेखालाई कम्प्युटर सम्बन्धी समान्य ज्ञान रहेको पाइयो । विद्यालयहरूमा सूचना सार्वजानिक नहुनुको कारण कर्मचारी र शिक्षकहरूबाट आंशिक रुपले मात्र सहयोग हुने हुँदा शैक्षिक तथा सूचना व्यवस्थापनमा समस्या देखा परेका छन भने प्रतिक्रिया दिनुभयो ।

### ४.३.४ शिक्षकहरूलाई सोधिएका प्रश्नावली बाट प्राप्त प्रतिक्रिया

**तालिका४**

*शिक्षकहरूबाट प्राप्त प्रतिक्रियाहरू*

| क्र.सं. | विवरण | जम्मा शिक्षक सङ्ख्या | प्रतिक्रिया | | |
|---|---|---|---|---|---|
| | | | पूर्ण | आंशिक | न्यून |
| १ | प्राविधिक जनशक्तिको कमी | ४ | २ | २ | – |
| २ | जिम्मेवारीपूर्ण काम बहन नगर्नु | ४ | – | ४ | – |
| ३ | प्र.अ.हरूको अनुगमन | ४ | – | ४ | – |
| ४ | शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको व्यवस्थापनमा फुर्सतको अभाव | ४ | १ | ३ | – |

स्रोत : स्थलगत अध्ययन, २०७९

यस अध्ययनको क्रम्मा शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा देखिएका समस्याहरूसम्बन्धित विद्यालयका शिक्षकहरूवाट प्रतिक्रिया लिदा प्रविधिक जनशतिको अभाव नै प्रमुख समस्या रहेको वताउनु भयो । आफूहरू अध्यापन गर्दा कोर्स पूरा गर्नु वाध्यता भएकोले शैक्षिक व्यवस्थापन सूचना प्रणली व्यस्थापनमा फुर्सद नहुने कुरा प्रतिक्रिया दिनु भयो । यति हुदा हुँदै पनि प्र.अ.हरूको सो व्यवस्थापनको शिलशिलामा अनुगमनको कमी र शिक्षकहरू आफुहरूलाई तोकिएको जिम्मेवारी पनि पूर्णरुपले वहन नगरिहरेको तितो सत्य रहेको वताउनु भयो ।

### ४.३.५विद्यार्थीहरूलाई सोधिएका प्रश्नावलीवाट प्राप्त प्रतिक्रिया

यस अध्ययनको क्रम्मा समुदायिक विद्यालयहरूमा शैक्षिक तथा सूचना व्यवस्थापनको सिलसिलामा देखिएका समस्याहरू वारे छानिएका चार वटा सामुदायिक विद्यालयहरूको विद्यार्थीहरूको प्रश्नावलीहरूको अध्ययन वाट प्रतिक्रिया लिदा यस क्षेत्रमा प्रायस अनविज्ञता प्रकट गरे । यसका व्यवस्थापन तथा कार्यन्वयनमा प्र.अ.को भूमिका अग्रणी हुनु पर्दछ भने अनुमानित प्रतिक्रिया दिए । शैक्षिक तथा सूचना प्रणालीको सूचना व्यवस्थापनको अभाववाट हामी विद्यार्थीहरूले बढी सम्स्यामा परिरहेको समग्र प्रतिक्रिया दिए।

## ४.४. शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनका प्रभावकारी उपायहरू

### ४.४.१. प्र.अ.बाट शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनका प्रभावकारी उपायहरू वारे प्रतिक्रिया

यस अध्ययनका क्रम्मा प्र.अ.वाट प्रतिक्रिया लिदा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार तथा सुदृढीकरण  गर्न शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापन अति सूचना प्रणालीको व्यवस्थापन अनिवार्य भएको छ। यो एक आधुनिक प्राविधिक अपरिहार्य उपाय हो भनी सहमत पूर्ण प्रतिक्रिया दिए। विद्यालयहरूमा प्र.अ.को भूमिकालाई शिक्षा नियमावलीमा समेत विशिष्ट रुपले उल्लेख गरी बढी जिम्मेवार पूर्ण वनाउनुपर्ने सुझावका रुपमा दिएका छन्।

अन्त्यमा प्र.अ.हरूले आधुनिक प्रतिस्पर्धी युगमा शिक्षा क्षेत्रलाई पनि पार्दशिता तथा स्तरीय बनाउन आफूहरूको अहम भूमिका रहेको स्वीकार गर्दै सम्पूर्ण प्र.अ.हरूलाई सम्बन्धित सरकारी निकायबाट अनिवार्य रुपले प्राविधिक दक्ष बनाउनु पर्ने आवश्यक देखिन्छ।

### ४.४.२. वि.व्य.स.अध्यक्षहरूवाट शै.सू. प्रणालीको व्यवस्थापनको उपायवारे प्रतिक्रिया

यस अध्ययनको क्रममा सामुदायिक विद्यालयका अध्यक्षहरू द्वारा शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापन हरेक विद्यालयहरूमा प्रभावकारी रुपले हुनु अनिवार्य रहेको प्रतिक्रिया दिएका छन्। यसका व्यवस्थापनमा तथा सुदृढीकरणमा प्रमुख रुपमा विद्यालयको प्रसासकीय प्रमुख प्र.अ.को अहम भूमिका रहनुपर्दछ भनि उपाय स्वरुप प्रतिक्रिया दिए। प्र.अ. विद्यालयको स्थायी प्रकृतिका रहने तर आफूहरू सिमित अवधिका लागि छनौट भएर विद्यालयमा कार्य गर्न आएको हुँदा आफूहरू सहयोगि भूमिका निर्वाह गरि प्र.अ.को दायित्व र जिम्मेवारी चुस्त दुरुस्त राख्नुपर्ने प्रमुख उपाय ठानेका छन्।

यसका साथै विद्यालयका शिक्षक तथा कर्मचारीहरू समेत पेशागत नभई गैर जिम्मेवार रुपले डियुटि पूरा गर्ने कार्य अक्सर समुदायिक विद्यालयहरूमा गरिदै आएको हुँदा सम्बन्धित सरकारी निकायहरू बाट पनि बढी जिम्मेवार बनाउने खालका कार्यक्रम तथा नीतिहरू शिक्षा क्षेत्रमा ल्याउनु पर्ने आवश्यकत्ता औल्याएका छन्। संगसंगै विद्यालयमा आन्तिरिक रुपले विद्यालयका सम्पूर्ण अंगहरू विच समन्वयगरि विद्यालयका शैक्षिक गुणस्तर सुदृढीकरण गर्ने तर्फ ध्यान पुप्याउनु पर्ने आवश्यक देखिन्छ।

सामुदायिक विद्यालयहरूका शैक्षिक तथा सूचना प्रणालीको प्रभावकारी व्यवस्थापन गर्न सामुदाय स्थानीय बुद्धिजिवी संघ संस्थाहरूसँग सुमधुर सम्बन्ध पनि कायम राख्न अति आवश्यक रहन्छ । जसको समन्वय कर्ताको रुपमा विद्यालयको प्रसासकीय प्रमुख प्र.अ. लाई भूमिका निर्वाह गरिनुपर्ने देखिन्छ  जस्ता उपायहरू प्रतिक्रियाबाट आएका छन् ।

### ४.४.३. लेखा / प्र.स.हरूवाट शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनको उपायबारेदिएका प्रतिक्रिया

यस अध्ययनको क्रममा सामुदायिक विद्यालयहरूमा शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको व्यवस्थापनको कार्यन्वयनमा प्र.अ.को अग्रनी भूमिका हुने प्रतिक्रिया दिइएका छन् । विद्यालयका प्र.अ.आर्थिक तथा प्रसासकिय दुवै क्षेत्रको प्रमुख भएको हैसियतले शैक्षिक गुणस्तर तथा सूचना व्यवस्थापनलाई चुस्त दुरुस्त र पार्दशिता कायम गर्न प्र.अ.को भूमिका महत्वपूर्ण मान्निछ । यर्सथ विद्यालयका प्र.अ. लाई बढी जिम्मेवार तथा उत्तरदायि बनाउनु पर्ने अनिवार्य देखिन्छ ।

यसरी विद्यालयका शैक्षिक तथा सूचना प्रणालीलाई प्रभावकारी रुपले व्यस्थापन गर्न प्र.अ.को भूमिका अग्रनी रहेपनि विद्यालयको अन्य सवै अंगहरू पनि हातेमालो गरी सहयोग गर्नु पनि त्यतिकै आवश्यक छन् ।

अन्त्यमा विद्यालयको शैक्षिक तथा सूचना प्रणालीलाई प्रभावकारी ढंगले व्यवस्थित गर्न आर्थिक पक्षपनि उतिकै आवश्यक हुन्छ जसको व्यवस्थापन विद्यालय व्यवस्थापन समिति र प्र.अ.को पहलवाट सम्भव हुन्छ । विभिन्न दातृ संघ संस्थाहरू जिल्ला समन्वय इकाई कार्यालय,नगर शिक्षासमिति, वाड शिक्षा.आदि संग समन्वय गर्न प्र.अ.को अहम भूमिका आवश्यक पर्दछ ।

### ४.४.४. शिक्षकहरूवाट शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनका उपायवारे प्रतिक्रया

सामुदायिक विद्यालयमा शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका भन्ने शिर्षकमा गरिएको यस अध्ययनमा शिक्षकहरूलाई दिइएको प्रश्नावली मार्फत यसको उपायहरू वारे प्रतिक्रया लिँदा विद्यालयको प्रसासकिय प्रमुखको रुपमा रहने प्र.अ.लाई बढी उत्तरदायि रहने भनि सुझाव दिएका छन् । उनका अनुसार विद्यालयको नेतृत्व प्र.अ. द्वारा

हुने भएकोले वहाँको सक्षम नेतृत्ववाट नै शैक्षिक लगायत सूचना प्रणालीको उचित व्यवस्थापन सम्भव छ । अहिलेका शिक्षक कम्प्युटर को शिक्षा भएकोले विद्यालयका सवै शिक्षकहरू कम्प्युटर सम्बन्धी अधारभुत सीप हुनु पर्ने तथा प्र.अ.,लेखा र प्र.स. अनिवार्य रुपले कम्प्युटर सम्बन्धी विशिष्ट ज्ञान सीप हासिल गरेको हुनु पर्ने आवश्यक देखिन्छ । अनि मात्र विद्यालयको शैक्षिक तथा सूचना क्षेत्रको प्रभावकारी व्यवस्थापन सम्भव देखिन्छ ।

वर्तमान शिक्षा विश्वव्यापि तथा प्रतिश्पर्धी भएकोले आफूहरू पनि नविनतम तथा प्रविधिहरूको खोज अनुसंधान गरि परम्परागत शिक्षण ढाँचालाई परिमार्जन गरि अत्याधुनिक प्रविधि अनुसार विद्यालयमा अध्यापन गरिनु पर्दछ भनी आत्मआलोचना समेत गरि उपायका रुपमा सुझाव शिक्षकहरूवाट आएका छन् । यसको लागि सेवाकालिन सम्बन्धित तालिमहरू सरकारवाट व्यवस्था गरिनुपर्ने समेत धारणा व्यक्त गरेका छन् ।

सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापन तथा सूचनाप्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका शीर्षकमा अनुसन्धान गर्दा विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात कम रहेको पाइयो । अझ न्यूनतम् शैक्षिक योग्यता प्राप्ति र प्याकेजबाट तालिम प्राप्त शिक्षकहरूको बहुल्यता रहेको पाइयो । अधिक्तम शैक्षिक योग्यताको रुपमा स्नातकोत्तर उतिर्ण तुलनात्मक रुपले ज्यादै न्यून रहेको देखियो ।विद्यलयका शिक्षकहरू स्थायी प्रकृतिका कम संख्यामा देखियो भने अस्थायी राहत,पि.सि.एफ,निजि प्रकृतिका शिक्षकहरूको बहुल्यता रहेको पाइयो । विद्यालयमा कम्पुटर र प्राविधिक जनशक्तिको अभाव देखियो । प्र.अ. तथा कर्मचारीहरू समेतमा प्राविधिक दक्षता न्यून संख्यामा भेटियो । पचहत्तर प्रतिशत विद्यालयहरूमा शैक्षिक र लेखा प्रशाशन एउटै कर्मचारीबाट रेखदेख हुनेगरि ब्यवस्थापन गरि रहेको पाइयो । विद्यालयहरूमा वि.व्य.स.का पदाधिकारीहरू शैक्षिक, सूचना प्रणालीको व्यवस्थापन भन्दा भौतिक निर्माणमा बढि ध्यान केन्द्रित रहेको पाइयो । यसका अतिरिक्त शिक्षकहरू शैक्षिक तथा सूचना प्रणालीको सुव्यवस्थापनमा उत्साहित रुपले सहयोग गरेको पाइदैन । विद्यालयको अन्य अंगहरू जस्तै विद्यार्थी र अभिभावहरूमा शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापन गर्ने प्रक्रिया, जिम्मेवारी प्रति अनविज्ञता रहेको पाइयो ।

विद्यालयका प्रत्यक्ष अंगहरू शिक्षक, विद्यार्थी, कर्मचारी, विद्यालयका वि.व्य.स.का पदाधिकारी लगायत सवै पक्षहरू वाट विद्यालयको शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापन तथा प्रभावकारी कार्यान्वयनमा प्र.अ.को भूमिका अग्रणी रहेको स्विकार गरेको देखिन्छ ।

विद्यालयका शैक्षिक, आर्थिक लगायतका क्षत्रको प्रमुखको रुपमूर्ति र सूचना प्रणालीको मुख्य संबाहकको रुपमा प्र.अ.रहनु पर्ने प्रतिक्रियाहरूसबै पक्षहरूबाट आएको देखिन्छ । विद्यालयका प्र.अ.हरूमा प्रविधिक तथा व्यवस्थापकिय दक्षता न्यून रहेकोले शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापको कार्यन्वयन तथा प्रयोगमा प्र.अ.हरूभूमिका संतोषजनक रहेको पाइएन ।

विद्यालयमा कम्प्युटर र प्राविधिक तथा व्यवस्थापकीय जनशक्तिको अभावमा शैक्षिक व्यवस्थापनमा र सूचना प्रणालीको सुप्रभावकारी व्यवस्थापन हुन सकिरहेको देखिएन । विद्यालयका तथ्यांकहरू परम्परागत शैलीअनुसार फायलिंग प्रणालीमा संग्रहित रहेको फायलिंग पनि दुरुस्त, खोजेको वेला रोजेको सूचना नपाइने अवस्थामा रहेको पाइयो । ५० प्रतिशत विद्यालयहरूमा फायलिग प्रणाली र कम्प्युटर सेभिंग प्रणाली दुवै वाट विद्यालयका तथ्यांकहरू**थालनी** भइरहेको पाइयो । वि.व्य.स.का पदाधिकारीहरू समेत आफनो जिम्मेवारी र कर्मक्षेत्र भौतिक पक्षलाई **ठान्ने** तर शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापन र कार्यान्वयनको जिम्मेवारी प्र.अ.लाई रहेको धाराणा व्यक्तगरेको पाइयो । विद्यालयका शिक्षकहरूले कक्षाकोठामा शिक्षण गराउनु मात्र आफनो कर्मक्षेत्ररहेको ठान्नेगरेको पाइन्छ जसले गर्दा शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनको कार्यन्वययनमा अपेक्षित सहयोग गरिरहेको पाइएन्न । समग्रमा विद्यालयको शैक्षिक तथा सूचनाप्रणालीको प्रभावकारी व्यवस्थापनको सवै पक्षबाट सहयोग गर्ने मामिलामा उदासिनता रहेको देखिन्छ ।

सामुदायिक विद्यालयहरूमा शैक्षिक तथा सूचना प्रणालीको प्रभावकारी व्यवस्थापनमा देपखएको समस्याहरूलाई निराकरण गर्न वा सुधार गर्न सरोकार सवै पक्षहरूवाट विभिन्न उपायहरू सुझाएको देखिन्छ । शैक्षिक तथा सूचना प्रणालीको सुव्यवस्थापन शैक्षिक गुणस्तर सुदृढीकरण गर्ने आधुनिक अचुक उपाय रहेकोले र सो को कार्यान्वयनमा प्र.अ.को अहम भूमिका रहने हुँदा प्र.अ.लाई सरकारी निकाय वाट सेवाकालीन व्यस्थापकिय र प्राविधिक दक्ष बनाउनुपर्ने आवश्यक देखिन्छ । शिक्षा नियमावलिमा समेत प्र.अ.को अधिकार क्षेत्र विशिष्ट बनाउनुपर्ने देखिन्छ । प्र.अ. विद्यालयको स्थायी प्रकृतिका प्रशाशक भएकोले प्र.अ.को दायित्व र जिम्मेवारी चुस्त दुरुस्त राख्नु पर्ने सुझाव औल्याएको देखिन्छ । सम्बन्धित सरकारी निकायहरूवाट शिक्षक तथा कर्मचारीहरू आ आफनो कार्यक्षेत्रमा बढि जिम्मेवार बनाउने खालका कार्यक्रम तथा नितिहरू शिक्षा क्षेत्रमा ल्याउनुपर्ने आवश्यकता औल्याएका देखिन्छ ।

साथै विद्यालयका सम्पूर्ण अंगहरू विच आन्तिरिक समन्वय गरि शैक्षिक गुणस्तर सुदृढिकरण गर्ने तर्फ ध्यान पुर्‍याउनुपर्ने आवश्यक देखिन्छ । यसको अत्तिरिक्त सामुदायका स्थानीय वुद्धिजिविहरू, संघ संस्थाहरू र अभिभावकहरूको विद्यालयसंगको सुमधुर सम्बन्ध कायम राख्न प्र.अ.ले समन्वयकर्ताको भूमिका निर्वाह गर्नुपर्ने आवश्यक रहेको जस्ता उपायहरू औल्याएका देखिन्छ ।

# परिच्छेद पाँचः निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

यस अध्ययनको निष्कर्षमा भन्नु पर्दा सामुदायिक विद्यालयहरूमा न्यूनतम शैक्षिक योग्यता र प्याकेज तालिम प्राप्त शिक्षकहरूको वाहुल्यता रहेको, स्थायी प्रकृतिका तुलनामा अस्थायी, राहत, पि.सि.एफ, निजि शिक्षकहरू बढीरहेको देखिन्छ विद्यालयमा प्र.अ. लगायत शिक्षक कर्मचारीहरू प्रविधिक तथा प्रसासकिय दक्षपूर्ण नरहेको पाइन्छ, न्यून संख्यामा रहेपनि समान्य दक्षता हासिल गरेको पाइन्छ । विद्यालय व्यवस्थापन समिति शैक्षिक तथा सूचनाको व्यवस्थापन क्षेत्रलाई महत्व नदिई भौतिक निर्माण, मर्मतलाई प्राथमिकता दिइएको पाइन्छ । शिक्षकहरू पनि आफनो शिक्षण कर्म कक्षाकोठामा सीमित रहि गर्नुपर्दछ भनी एउटै मात्र जिम्मेवारी ठानेका पाइन्छ । विद्यार्थी तथा अभिभावकहरूमा शैक्षिक तथा सूचनाप्रणालीको व्यवस्थापन गर्ने प्रक्रिया वारे अनविज्ञता रहेको पाइन्छ ।

यस अध्ययनको क्रममा समुदायिक विद्यालयका अंगहरूद्वारा शैक्षिक तथा सूचना प्रणालीको सुव्यवस्थापनमा प्र.अ.को भूमिका अग्रनी रहेको कुरा यकिन गरेको पाइन्छ । प्र.अ.ले सूचना प्रणालीको मुख्य सम्बाहक रहेको र विद्यालयको प्रसासकीय प्रमुख भएकोले प्र.अ.को भूमिकालाई एउटा जहाजको कप्तानसंग दाजेर तुलना गरिएको पाइन्छ । यति हुँदा हुँदै पनि शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनको कार्यान्वयनमा जुन भूमिका निवार्ह गर्नुपर्ने हो विविध समस्याहरू तथा कारणहरूले सो सन्तोषजनक रहेको देखिदैन ।

सामुदायिक विद्यालयहरूमा शिक्षक कर्मचारीहरूमा प्राविधिक दक्षताको कमिले गर्दा शैक्षिक तथा सूचना व्यवथापनको कार्यान्वयनमा कार्यवाट अपेक्षित सहयोग गरिरहेको पाइदैन । विद्यालयको तथ्यांकहरू परम्परागत शैलीमा राखिएको पाइन्छ र बाँकि विद्यालयहरू परम्परागत र आधुनिक-कम्प्युटर प्रणाली/शैली दुवैवाट संचालन भएपनि चुस्त दुरुस्ततामा अझ कमिरहेको देखिन्छ । शिक्षकहरू आ-आफनो दायित्व कक्षामा शिक्षण गराउनुमात्र ठानेको हुँदा शिक्षक सिकाइका अन्य क्रियाकलापहरूमा आकर्षित भएको पाइदैन । विद्यालय व्यवस्थापन समिति शैक्षिक तथा सूचना प्रणालीको क्षेत्रलाई वेवास्ता गरेको पाइन्छ र ती कार्य प्र.अ.को हो भन्ठानी दायित्व तेर्साउने कार्य भइरहेको देखिन्छ । यसको अतिरिक्त विद्यालयका प्र.अ.नै अवसर प्राविधिक तथा व्यवस्थापकीय दक्षता पूर्ण हासिल नगरेको हुँदा शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा विविध समस्याहरू देखापरेको पाइन्छ ।

सामुदायिक विद्यालयहरूमा शैक्षिक तथा सूचनाको व्यवस्थापन गर्नमा देखापरेका समस्याहरू निराकरण गर्ने प्रमुख उपायका रुपमा प्र.अ.लाई सरकारी निकायवाट सेवाकालिन व्यवस्थापकीय र प्राविधिक दक्षता हासिल गर्ने व्यवस्थापन गर्नु पर्ने सुझाएका देखिन्छ अझ अन्य शिक्षक तथा कर्मचारीहरू पनि यस क्षेत्रमा दक्षता हासिल गरेको हुनु पर्दछ। शिक्षक तथा कर्मचारीहरूको आ आफनो कार्यक्षेत्र र जिम्मेवारीहरू प्रति बोध गराउने खालका सरकारी निति नियम र कार्यक्रमको व्यवस्था मिलाउनेपर्ने देखिन्छ । विद्यालयको विभिन्न अंगहरू विच आन्तरिक समन्वय गर्न गराउन प्र.अ.बढी जिम्मेवार रहने आवश्यक देखिन्छ। यसको अतरिक्त सामुदायका स्थानिय बुद्धिजिवी, अभिभावक र संघ संस्थाहरूको र विद्यालयसंगको सुमधुर सम्बन्ध कायम राख्न र त्यसलाई निरन्तरता दिन प्र.अ.ले समन्वयकर्ताको भूमिका निर्वाह गरिनु पर्ने आवश्यकता उपायका रुपमा सुझाएका देखिन्छ।

### ५.२. सुझावहरू

### ५.२.१ नीति निर्माण तहका लागि सुझावहरू

विद्यालयमा प्र.अ. लगायत अन्य शिक्षक तथा कर्मचारीहरूको नियुक्ति गर्दा प्राविधिक योग्यतालाई प्राथमिकताको अधारमा बनाई प्रकृया अवलम्बन गनुपर्दछ।

सरकारी निकायवाट शैक्षिक जनचेतना सम्बन्धी आमअभिभावकहरूको लागि कार्यक्रम संचालन गर्नुपर्दछ।

विद्यालय परिवारका सदस्यहरू (शिक्षक तथा कर्मचारीहरू) लाई वर्तमान परिपेक्षमा दुरुस्त रहिरहन शैक्षिक तथा प्राविधिक तालीम, सेमिनार, गोष्ठीहरूको व्यवस्थापन मिलाउनु पर्दछ।

शिक्षा क्षेत्रका विभिन्न निकाय तथा व्यक्तिहरूवाट अनुगमनको पाटोलाई दुरुस्त,चुस्त र नियमित बनाउनु पर्दछ।

विद्यालय शैक्षिक र आर्थिक प्रशाशनको तथा सूचना सेवाहरू समेतको प्रमुखका रुपमा रहने प्र.अ.लाई सक्षमतामा आधारित विभिन्न तालिमहरू (प्राविधिक, व्यवस्थापकीय आदि) प्रदानगरि समय सापेक्ष दुरुस्त/अपडेट गराइरहनु पर्ने हुन्छ।

विद्यालयको पाठ्यक्रममा समेत कम्प्युटर विषय समावेश गरिएको हुँदा शिक्षा मन्त्रालयविभागबाट यथेष्ट मात्रामा कम्पुटर लगायत प्राविधिक साधनहरूको व्यवस्था गरि विद्यलयहरूलाई उपलब्ध गराउनु पर्दछ।

सामुदायिक विद्यालयमा शिक्षकहरूको नियुक्ति एक मूलद्वार प्रणालीवाट गरि एकै प्रकृतिका शिक्षकहरू विद्यालयमा भित्रयाउनु नीति ल्याउनु पर्ने देखिन्छ ।

### ५.२.२ अभ्यास तहकालागि सुझावहरू

विद्यालयमा शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा प्रमुख योगदान प्र.अ.को हुने भएकोले सोही अनुसार कार्यान्वयनपनि गर्नुपर्दछ ।

सामुदायिक विद्यलयहरूमा शिक्षक स्टाफ हरूको नियमित बैठक बसी शैक्षिक,प्राविधिक,सूचनामुलक, व्यवथापकीय आदि एजेन्डाहरू सम्बन्धी छलफलमा निरन्तरता राख्नु पर्दछ ।

सामुदायिक विद्यलयहरूमा शिक्षा क्षेत्रको प्रमुख तीन पक्ष : शिक्षक, विद्यार्थी र अभिभावकको केन्द्रिय तथा मध्यमार्गी भूमिका प्र.अ.को रहने भएकोले सोको समन्वय गरि, सहयोग तथा कार्यान्वयन नियमितरुपले प्र.अ.लाई गर्नु पर्दछ ।

सामुदायिक विद्यालयको विविध क्षेत्रका तथ्याङ्क,सूचनाहरू शिक्षासंग सरोकार राख्ने सबै पक्षसंग पारदर्शी गराउनुपर्दछ ।

### ५.२.३ अनुसन्धान तहका लागि सुझावहरू

सामुदायिक विद्यालयहरूमा शैक्षिक गुणस्तरीय वृद्धि गर्न शैक्षिक तथा सूचना प्रणालीव्यवस्थापनको कार्यन्वयन प्रभावकारी ढंगले हुनुपर्दछ ।

सामुदायिक विद्यालयहरूको शिक्षासंग सरोकार राख्ने सबै पक्षहरू र विषेश गरि शिक्षक, कर्मचारीहरूले आ-आफ्नो नैतिक जिम्मेबारी,दायित्व, इमान्दारीपूर्वक वहन गर्नुपर्दछ जसले गर्दा विद्यालयका शैक्षिक तथा  सूचना प्रणाली व्यवस्थापन सुदृढ  हुनमा कुनै दुईमत हुन सक्दैन ।

अन्तमा सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली व्यवस्थापनको कार्यन्वयनमा प्र.अ.को अहम् भूमिकालाई आत्मसात गरी सबै सरोकारबालाहरूले हातेमालो गरी सहयोग गरेमा विद्यालयको शैक्षिक तथा सूचना प्रणालीको प्रभावकारी व्यवस्थापन हुन गई विद्यालयको सर्वाङ्गीण विकास हुन जान्छ ।

प्रत्येक शिक्षक कर्मचारीहरूले आ आफनो कर्मक्षेत्रको कर्ममूलक अनुसंधान नियमितरुपले गर्न लगाउनुपर्छ ।

## सन्दर्भ सामग्रीहरू


अधिकारी, विष्णुप्रसाद (२०६८/०६९), **नि.मा./मा. शिक्षक दिग्दर्शन,**बागबजार, काठमाडौं : आसिस बुक्स हाउस प्रा.लि.।

काफ्ले, बासुदेव र गिरिराज पौडेल (२०६४), **शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार** कीर्तिपुर, काठमाडौं : जुपिटर पब्लिकेसन प्रा.लि. ।

खनाल, चिरञ्जिवी (२०६९) , **शिक्षा ऐन नियम टिप्पणी,**पुतलीसडक, काठमाडौं : पैरवी प्रकाशन ।

खनाल, पेशल (२०६२),**शैक्षिक अनुसंधान पद्धति,**काठमाडौं : स्टुडेन्ट बुक्स ।

गौतम, दिनानाथ (२०६४),**शैक्षिक प्रशासन तथा सुपरिवेक्षण**,पुतलीसडक,काठमाडौं : प्रशान्ति पुस्तक भण्डार ।

ढकाल,यज्ञ प्रसाद (२०६७), **उच्च माध्यमिक विद्यालयमा मानवीय संसाधन व्यवस्थापन**, ( अप्रकाशित स्नातकोत्तर शोधपत्र), इन्द्रपुर, मोरंग : सुकुना वहुमुखी क्याम्पस ।

थापा,श्रेष्ठ, सिग्देल (२०६६) , **व्यवस्थापन सूचना प्रणाली र मानव संसाधन व्यवस्थापन**, भोटाहिटी,काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

नेपाल सरकार, **विद्यालय क्षेत्र सुधार योजना** (२०६६), शिक्षा मन्त्रालय, केशरमहल, काठमाडौं ।

प्रसाई, गणेश कुमार (२०६६), **सामुदायिक विद्यालयहरूमा आर्थिक श्रोतव्यवस्थापन प्रक्रिया**( अप्रकाशित स्नातकोत्तर शोधपत्र),कीर्तिपुर,काठमाडौं : त्रि.वि.।

शर्मा, चिरञ्जिवी (२०६३),**शिक्षाका आधारहरू,** काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिष्ट्रीव्यूटर्स ।

शिक्षा विभाग, सानोठिमी भक्तपुर (२०६७), **शिक्षामा सूचना र संचार प्रविधिको उपयोग : आवश्यकता, चुनौती र समस्याहरू,** पृ.१२०-१२८ , श्रेष्ठ नारायण, शैक्षिक स्मारिका ।

## अनुसूची १

## विद्यालय सर्वेक्षण फारम

विद्यालयको नाम, ठेगाना -

स्थापना मिति - संचालन कक्षा -

शिक्षक /शिक्षिका संख्या - पु. म.

कर्मचारी संख्या - पु म.

जम्मा विद्यार्थी संख्या - छात्र छात्रा

| क.स. | शिक्षक/कर्मचारीको नाम | शैक्षिक योग्यता | पद | नियुक्तिको किसिम | नियुक्ति मिति | तलिम प्राप्त/अप्राप्त | प्राविधि दक्षता भए | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | | | | | | | | |
| 2 | | | | | | | | |
| 3 | | | | | | | | |
| 4 | | | | | | | | |
| 5 | | | | | | | | |
| 6 | | | | | | | | |
| 7 | | | | | | | | |
| 8 | | | | | | | | |
| 9 | | | | | | | | |
| 10 | | | | | | | | |
| 11 | | | | | | | | |
| 12 | | | | | | | | |
| 13 | | | | | | | | |
| 14 | | | | | | | | |

......................

प्रमाणित गर्ने

## शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका

## अनुसूची २

## प्र.अ.सोधिएका प्रश्नावली

१) तपाईको विद्यालयमा शैक्षिक तथा सूचना प्रणालीको व्यवस्था कस्तो छ ?

(क) धेरै राम्रो (ख) राम्रो (ग) सामान्य (घ) न्यून

२) तपाईको जस्तो ग्रामीण विद्यालयमा सूचना प्रणालीको साधनहरू के -के छन् ?

(क) कम्प्युटर (ख) फोटो कपी मेसिन (ग) कम्प्युटर +प्रिन्टर (घ)क र ख दुवै

३) तपाई कम्प्युटर दक्षयुक्त हुनु हुन्छ ?

(क) छु (ख) छैन (ग) सामान्य

४) तपाईको विद्यालयमा शैक्षिकतथ्यांक लगायतका रेकर्डहरू कसरी व्यवस्थापन गर्नु भएको छ ?

(क) फायलिंग (ख) अस्तव्यस्त (ग) कम्प्युटर सेभिंग (घ) क ग दुवै

५)आवश्यक परेको तथ्यांक बढीमा कति समय लाग्ला ?

(क)५ मिनेट भित्र (ख) १० मिनेट भित्र (ग) १५ मिनेट भित्र (घ)१५ मिनेट भन्दा बढी

६)तपाईको विद्यालयमा तथ्यांक/सूचनाको प्रयोग स्थिति कस्तो छ ?

(क) पटके प्रयास (ख) खोजेको वेला रोजेको सूचना (ग) अस्तव्यस्त

७) विद्यालयमा शैक्षिक प्रशासन तथा लेखा प्रशासनको कसरी व्यवस्थापन भएको छ ?

(क) मिश्रित (ख) छुट्टाछुट्टै (ग)अलग- अलगमा जिम्मेवारी समेत

८) तपाई द्वारा शैक्षिक गतिविधि तथा आर्थिक पारर्दिशता कस्तो छ ?

(क) धेरै राम्रो (ख) राम्रो (ग) सनतोषजनक (घ) निन्म

९) विद्यालयमा शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको व्यवस्थापनमा क-कसको सहयोग छ ?

(क) शिक्षक/स्टाफ (ख) वि.व्य.स. (ग) समुदाय (घ) निम्न

१०) विद्यालयमा शैक्षिकसूचना प्रणालीको व्यवस्थापनमा प्रमुख भूमिका कसको हुन्छ ?

(क) प्र.अ. (ख) विद्यार्थी (ग) शिक्षक (घ) अभिभावक

## शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका

### अनुसूची ३

### शिक्षक/शिक्षिकालाई सोधिएका प्रश्नहरू

शिक्षक /शिक्षिकाको नाम -

विद्यालय -

१)तपाईको यस विद्यालयमा नियुक्ति हुँदा अपनाइएको छनोट प्रकृया के -कस्तो थियो ?

(क) सिधै नियुक्ति (ख) खुल्ला सूचना (ग) सम्झौता (घ) शिक्षा आयोग द्वारा सिफारिश

२) तपाई छनोट भएको प्रकृया कस्तो लाग्यो ?

(क) अति उत्तम (ख) उत्तम (ग) ठीकै (घ) नराम्रो

३) यस विद्यालयमा शैक्षिक तथा आर्थिक गतिविधिको अवस्था कस्तो छ ?

(क) पारदर्शी (ख) अपारदर्शी (ग) समान्य (घ) अवयवस्थित

४) विद्यालयमा शै.सू.व्य. प्रणलीको व्यवस्थापनमा कसको जिम्मेवारी बढी रहन्छ?

(क)समुदाय (ख) सरकार (ग) प्र.अ. (घ) सबैको

५) विद्यालयमा शै.सू.व्य. प्रणलीको व्यवस्थापनमा ...........को जिम्मेवारी बढी हुनुको प्रमुख कारण दिनुहोस।

६) विद्यालयमा शै.सू.व्य. प्रणलीको व्यवस्थापनमा प्रमुख समस्याहरू के-के हुन ?

७) तपाईको विचारमा यो समस्यालाई कसरी निराकरण गर्न सकिन्छ ?

८) तपाईलाई कम्प्युटर समबन्धी प्राविधिक ज्ञान छ ?

(क) राम्रो (ख) ठीक-ठीकै (ग) न्यून (घ) छैन

९) तपाईको विचारमा यस विद्यालयमा शै.तथा सूचना प्रणालीको व्यवस्थापन गर्न आवश्यक थप सुझाव भए उल्लेख गर्नुहोस ।

## शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका

## अनुसूची ४

## लेखा/प्र.स.लाई सोधिएका प्रश्नहरू

नाम :- पद :-

विद्यालय :-

१) तपाईको विद्यालयमा फलास . र फलास ..नियमित रुपमा भर्दै गरिएको छ ?

(क) छ (ख) छैन (ग) थाहा छैन (घ) भन्न मिल्दैन

२) तथ्यांक फारममा सूचनाको स्थिति के छ ?

(क) यर्थाथ (ख) हचुवा (ग) थाहा छैन (घ) भन्न मिल्दैन

३) तपाईलाई कम्प्युटर सम्बन्धी कस्तो जानकारी छ ?

(क) राम्रो (ख) कामचलाऊ (ग) ठीक्कै (घ) छैन

४) विद्यालयमा सूचना प्रणालीको महत्व कस्तो छ

(क) खासै छैन (ख) धेरै (ग) थोरै (घ) भन्न सकिन्न

५) विद्यालयको शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका कस्तो देखिन्छ ?

(क) समान्य (ख) अग्रणी (ग) थोरै (घ) थाहा छैन

६) विद्यालयमा शैक्षिकसूचना सम्बन्धी पारदर्शीता जरुरी छ ?

(क) छैन (ख) छ (ग) भन्न सकिन्न

७) विद्यालयमा शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापन गर्दा देखा पर्ने समस्याहरू के-के हुन्?

८) का व्यवस्थापनमा आएका समस्याहरू समाधान गर्ने उपायहरू के -के हुन सक्दछ ?

## शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका

### अनुसूची ५

### विद्यार्थीलाई सोधिएका प्रश्नहरू

नाम :- कक्षा : रोल नं. :

विद्यालय :-

१) तिम्रो विचारमा शैक्षिक क्षेत्रमा सूचनाको कतिको महत्व राख्दछ ?

(क) राख्दैन (ख) धेरै राख्दछ (ग) थौरै राख्दछ (घ) थाहा छैन

२) यस विद्यालयमा शैक्षिक तत्वहरूको पारदर्शिता कति रहेको छ ?

(क) पूर्णत (ख) ठीक्क (ग) आंशिक (घ) छैन

३) तिमीहरूको परीक्षा उप्रान्त विषयहरूको प्राप्तांक कति जानकारी गराउँदछ ?

(क) सम्पूर्ण (ख) आंशिक (ग) भ्याएजति (घ) गराउँदैन

४) यस विद्यालयमा शैक्षिक अवस्था कस्तो रहेको महसुस भएको छ ?

(क) धेरै राम्रो (ख) राम्रो (ग) ठीक्कै (घ) दयनीय

५) यस विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्नु कतिको जरुरी देखिन्छ ?

(क) अति (ख) ठीक्कको (ग) सामान्य (घ) थाहा छैन

६) विद्यालयको शैक्षिक सूचना व्यवस्थापनमा प्र.अ.को कस्तो भूमिका छन् ?

(क) अग्रणी (ख) सहयोगी (ग) निर्देशित (घ) सामान्य

७) विद्यालयमा शैक्षिक तथा सूचना व्यवस्थापन गर्न चुनौती तथा समस्याहरू छन् ?

(क) छन् (ख) छैन्न (ग) होलान् (घ) थाहा छैन

८) विद्यालयमा शैक्षिक तथा सूचना व्यवस्थापन गर्न क कसको भूमिका रहन्छ ?

(क) प्र.अ. (ख) शिक्षक,कर्मचारी (ग) अभिभावक (घ) सवैको

९)विद्यालयमा शैक्षिक तथा सूचना व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी कसको रहन्छ ?

(क) प्र.अ. (ख) शिक्षक (ग) अभिभावक (घ) कर्मचारी

१०) विद्यालयमा शैक्षिक तथा सूचना व्यवस्थापन गर्दा देखिने समस्या समाधान गर्ने उपायहरू के के हुन सक्छन ?

(क) समन्वय/छलफल (ख) निर्देशन/प्रशासन (ग) तालिम (घ) माथिको सवै

## शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका

### अनुसूची ६

### वि.व्य.समिति अध्यक्षलाई सोधिएका प्रश्नहरू

नाम :- पद :-

विद्यालय :-

१) तपाईको विद्यालयमा शैक्षिक व्यवस्थापनको स्थिति कस्तो छ ?

(क) धेरै राम्रो (ख) राम्रो (ग) ठीक्कै (घ) दयनीय

२) तर्पाको विद्यालयमा सूचना व्यवस्थापनको स्थिति कस्तो छ ?

(क) राम्रो (ख) ठीक्कै (ग) सनतोषजनक (घ) दयनीय

३) तपाईहरूको बैठक बस्दा शैक्षिक विषयवस्तुहरू बारे छलफल कतिको हुने गरेको छ ?

(क) प्रत्यक्ष वैठकमा (ख) कहिलेकाँही (ग) वीच वीचमा (घ) आवश्यक परेमा

४) विद्यालयको शैक्षिक तथा आर्थिक पारर्दिशतामा तपाईको भूमिका कति रहन्छ ?

(क) अग्रणी (ख) राम्रै (ग) ठीक्क (घ) न्यून

५) तपाईलाई व्यक्तिगत रुपले कम्प्युटर सम्बन्धी प्राविधिक ज्ञान कतिको छ ?

(क) राम्रो (ख) समान्य (ग) कामचलाऊ (घ) छैन

६) तपाई आफनो प्राविधिक दक्षतालाई विद्यालयमा कति सकृयरुपले प्रयोगगर्नु भएको छ ?

(क) पूर्णत (ख) राम्रै (ग) सन्तोषजनक (घ) छैन

७) विद्यालयको शैक्षिक तथा सूचना व्यवस्थापनमा प्र.अ.मा क-कस्ता विशेषता भएकोहेर्न चाहनुहुन्छ ?

(क) दक्षता (ख) असल प्रशासन (ग) विवता (घ) माथिको सबै

८) विद्यालयमा शैक्षिक तथा सूचना व्यवस्थापनमा देखापर्ने समस्याका क्षेत्रहरू के-के हुन् ?

(क) आर्थिक (ख) कर्मचारीतन्त्र (ग) कमजोर प्रशासन (घ) अन्य...............

९) विद्यालयमा शैक्षिक तथा सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थि गर्न के-के कामहरूचाल्नु हुन्छ ?

१०) यससंग सम्बन्धित अरू थप केही सल्लाह -सुझाव भए ,

## शैक्षिक तथा सूचना प्रणालीको व्यवस्थापनमा प्र.अ.को भूमिका

## अनुसूची ७

## छलफलका लागि निर्देशित प्रश्नहरू

१) विद्यालयको शैक्षिक सूचना प्रणलीवारे के बुझिन्छ ?

२) शैक्षिक सूचना प्रणलीको साधनहरू के के हुन सक्दछन् ?

३) विद्यालयमा शैक्षिक सूचना प्रणलीको व्यवस्थापन गर्ने प्रक्रियाहरू के के हुन ?

४) विद्यालयमा शैक्षिक सूचना प्रणलीको व्यवस्थापनमा क- कसको भूमिका हुन सक्दछ ?

५) विद्यालयमा शैक्षिक सूचना प्रणलीको व्यवस्थापनमा के -कस्ता समस्याहरूदेखिन्छ ?

६) विद्यालयमा शैक्षिक सूचना प्रणलीको व्यवस्थापनमा देखिएका समस्याहरू सामाधानका उपायहरू के-के हुन सक्दछन् ?

७) विद्यालयमा शैक्षिक सूचना प्रणलीको व्यवस्थापनमा तपाई आफनो तहबाट के-कसरी सहयोग गर्न सक्नु हुन्छ ?

८) विद्यालयमा शैक्षिक सूचना प्रणलीको व्यवस्थापन गर्दा हुन सक्ने सम्भावित फाइदाहरू के-के हुन् ?